मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily



नाट्य क्षेत्रका विकल्प
टंक विकल्पः पृष्ठ ५

◆ वर्ष : २५ ◆ अङ्क : १११ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ फागुन २५ गते आइतवार (Sunday, March 8. 2020) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

# कोरोना रोक्न १५ बुँदे निर्णय

**बिर्तामोड, फागुन २४।** सरकारले कोरोना भाइरस नियन्त्रणका लागि तयारी शुरु गरेसँगै जिल्ला प्रशासन कार्यालय झापाले भाइरस नियन्त्रणका लागि १५ बुँदे निर्णय गरेको छ ।

प्रमुख जिल्ला अधिकारी उदयबहादुर रानाको अध्यक्षतामा बसेको बैठकले भाइरस नियन्त्रणका लागि भारतबाट नेपाल प्रवेश गर्ने जो कोही व्यक्तिलाई मुख्य नाकामा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधि, सञ्चारकर्मी र गैरसरकारी संस्था लगायत स्वास्थ्यसँग सम्वन्धित अन्य निकाय एवम् संस्थाहरुले कोरोना भाइरस परामर्श केन्द्रमा परामर्श गर्दै सहजीकरण गर्ने निर्णण गरेको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी राजकुमार राईका अनुसार बजारमा देखिएको मास्क अभाव, स्यानिटाइजर, स्वास्थ्य सम्बन्धी उपकरणहरु लगायत स्वास्थ्यसंग अति आवश्यक उपभोग्य बस्तुको वारेमाा बजार अनुगमनलाई तीब्र रुपमा अगाडि बढाइने भएको छ ।

कोभिड १९को सम्भावित संक्रमणको रोकथाम, नियन्त्रण र सजगता अपनाउन जिल्लास्थित सरकारी तथा गैरसरकारी कार्यालयहरु, स्थानीय तह, सञ्चारमाध्यमहरु,



नागरिक समाज, पेशाकर्मी समाजसेवी, सामाजिक अगुवाहरुसँगको सहकार्यमा सचेतनामूलक अभियान सञ्चालन गर्ने निर्णय भएको सहायक प्रमुख जिल्ला अधिकारी राईले बताए ।

नजिकिँदै गरेको फागू पूर्णिमा (होली) लगायत सबै प्रकारका सभासम्मेलन, भेला तथा भीडभाड नगर्न, भीडभाडमा सामेल नहुन प्रशासन कार्यालयले आग्रह गरेको छ । जिल्लामा रहेका सरकारी, सामुदायिक, निजी अस्पताल, स्वास्थ्य संस्थाहरुलाई स्वास्थ्यकर्मीहरु आवश्यक परेको समयमा स्वास्थ्य सेवामा उपलव्ध गराउने गरी तयारी अवस्थामा राख्न प्रशासन कार्यालयले अनुरोध गरेको छ ।

त्यस्तै कोरोना भाइरस सम्वन्धी जनचेतनामूलक सामग्री प्रकाशन तथा प्रशारण गर्ने, कोरोना भाइरसका सम्वन्धमा आधिकारिक सूचना प्रवाह तथा समन्वय गर्न स्वास्थ्य कार्यालय झापाका प्रमुखलाई फोकल पर्सनका रुपमा जिम्मेवारी दिइएको छ ।

भाइरसको जोखिम न्यूनीकरणका लागि यसअघि जिल्लामा बसेका विभिन्न वैठकले गरेका निर्णयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै स्थानीय तहमा हुने भेला, सभा, सम्मेलन हुन नदिने, मेची अस्पताल भद्रपुर तथा जिल्लास्थित सबै अस्पतालहरुमा कोरोना भाइरसका कारण हुन सक्ने महामारीको पूर्व तयारीका लागि कम्तीमा १० जनालाई उपचार हुने गरी आइसोलेशन कक्षको व्यवस्था गर्ने, दमक, काँकरभिट्टा, भद्रपुर तथा बिर्तामोडका बसपार्कहरुमा हेल्प डेस्कको व्यवस्था गर्ने, प्रदेश स्तरीय क्वारेन्टाइनको व्यवस्थाका लागि प्रदेश सरकारलाई आग्रह गर्ने, प्रत्येक विद्यालयमा ज्वरो नाप्ने इन्फरेड थर्मोमिटरले ज्वरो परीक्षण गर्ने, कोरोना

(बाँकी अन्तिम पृष्ठमा)

## बिमानस्थल सुनसान



**बिर्तामोड, फागुन २४।** कोरोना भाइरसले विश्वलाई त्रसित बनाइरहेको अवस्थामा नेपाल पनि उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ)ले बताइसकेको छ ।

नेपालमा यतिबेला सार्वजनिक स्थलमा मानिसको चहलपहल क्रमशः कम हुँदै गएको छ । सरकारले ठूला-ठूला भेला, सम्मेलन जस्ता कार्यक्रम आयोजना नगर्न सूचना जारी गरेको छ । मौसमका हिसाबले पनि यो समय विभिन्न सरुवा रोगको जोखिम धेरै हुने

(बाँकी अन्तिम पृष्ठमा)

## सेल्फी खिच्दा तमोरमा बेपत्ता

**झापा, फागुन २४।** कोशी पहाडी जिल्ला धनकुटा नगरपालिका-९ मूलघाटमा तमोर नदीमा सेल्फी खिच्ने क्रममा नदीले बगाएर शनिबार दिउँसो एक युवक बेपत्ता भएका छन् ।

भारतको बिहार राज्यको पूर्णिया घर भइ विराटनगरमा रहेको नोबेल मेडिकल कलेजमा एमबीबीएस अध्ययनरत भारतीय नागरिक भिनित कुमार नदी किनारमा सेल्फी खिच्ने क्रममा चिप्लिएर नदीमा बेपत्ता भएको जिल्ला प्रहरी कार्यालय धनकुटाका प्रहरी उपरीक्षक सुदर्शनप्रसाद

(बाँकी अन्तिम पृष्ठमा)

## विप्लवका विद्यार्थी नेता पक्राउ

**झापा, फागुन २४।** प्रहरीले भोजपुरबाट नेत्रविक्रम चन्द 'विप्लव' का विद्यार्थी नेतालाई पक्राउ गरेको छ ।

विप्लव समूह निकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (क्रान्तिकारी) भोजपुर जिल्ला समिति सदस्य आत्मा राईलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय भोजपुरले जनाएको हो ।

राईलाई शनिबार भोजपुरको पौवादुङमा गाउँपालिका -१ श्यामशिलाको यलम्बर चोकमा रहेको एक होटलबाट नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय भोजपुरका

(बाँकी अन्तिम पृष्ठमा)

## किसानलाई शुरुमै त्रास

**झापा, फागुन २४।** उत्पादनका प्रमुख आधारमध्ये कृषि क्षेत्रका लागि नेपालका वित्तीय संस्थाले सन्तोषजनक लगानी गरेका छैनन् ।

फलस्वरुप कृषिको आयात भने बढेको बढ्यै छ भने युवा कृषि क्षेत्रबाट पलायन हुँदैछन् । हाल कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २७ प्रतिशत छ ।

चालूआर्थिक वर्षको छ महिना (पुस मसान्त) सम्ममा नेपालका वाणिज्य बैंकले ९ दशमलव ६ प्रतिशत कर्जा लगानी गरेका छन् । जबकि नेपाल राष्ट्र बैंकले कृषि क्षेत्रका लागि अनिवार्य १० प्रतिशत कर्जा लगानी गर्नुपर्ने नीति बनाएको छ ।

बित्तीय संस्थाले राष्ट्र बैंकको नीतिलाई मान्न त परै जाओस्, कृषि ऋणका लागि बैंकमा पुगेका कृषकलाई उपयुक्त धितो लिएर ऋण दिनसम्म झञ्झट दिने गरेको किसानले बताउँदै आएका छन् । बैंकर्स कृषिमा लगानी डुब्लाकी भन्ने चिन्ता राख्छन् । माछापुच्छ्रे बैंक बनेपा शाखाका शाखा प्रबन्धक दीपेन्द्र श्रेष्ठ कृषिमा बिचौलिया हाबी हुँदै गएको, समाजमा किसानको अवस्थामा सुधार र बजारको सुनिश्चितता नदेखिएकाले लगानी डुब्ने चिन्ता स्वभाविक भए पनि राम्रो योजना लिएर आउने किसानलाई आफ्नो बैंकले भने लगानी गर्दै आएको दाबी गरे ।

कृषिविज्ञ कृष्ण पौडेलको भने धारणा अर्कै छ । उनका अनुसार हत्पति वित्तीय संस्था कृषिमा लगानीका लागि किसानसँग जोडिन रुचाउँदैनन् ।

उत्पादन गर्न समय लाग्छ भन्ने कुरा थाहा भए पनि वित्तीय संस्थालाई लगानी गरेको अर्को महिना नै किस्ता चाहिन्छ । उत्पादनमा प्रोत्साहित गर्नु र विस्तारै ऋण तिर्दै जानुहोस् भनेर सिकाउने र ऋण लिन उत्साहित गर्ने निकाय नै नभएका कारण कृषि व्यवसायीकरण बन्न नसकेको धारणा राख्छन्- कृषि क्षेत्रका जानकार रामकृष्ण ढकाल ।

चालू आर्थिक वर्षको पुस मसान्तसम्म आर्थिक कारोवार गर्ने वित्तीय संस्था कूल नौ हजार ३९४ पुगेको छ । यसमध्ये वाणिज्य बैंकको संख्या चार हजार ११, लघुवित्त वित्तीय संस्था तीन हजार ८६१, विकास बैंक एक हजार २९३, वित्त कम्पनी २२९ र पूर्वाधार विकास बैंकको संख्या एक रहेको छ भने ७५३ मध्ये ७४५ स्थानीय तहसम्म बैंक पुगिसकेका छन् ।

प्रायः गाउँ-गाउँमा वित्तीय पहुँच पुगे पनि कृषि क्षेत्रमा लगानी आकर्षण हुन सकेको छैन । सडक पहुँच पुगेका जमिन धितो बन्धक लिएर बैंकले कृषिबाहेकका क्षेत्रमा लगानी बढाउँदै गएका छन् । यद्यपि कृषितर्फको लगानीमा भने आलटाल तथा ढिला र किसानलाई कागजी प्रक्रियाको भारी बोकाउने प्रवृत्तिले गाउँघरका सोझा सिधा किसान बैंकबाट आजित भएका देखिन्छन् । उत्पादन प्रक्रियामा अहोरात्र खटिएका किसानलाई व्यावसायिक कृषि कर्म गर्न उत्साहित र ऋण दिन आकर्षण नगर्दासम्म नेपालको कृषिलाई व्यवसायीकरण गर्न सकिन्नँ भन्छन्- धान बाली विशेषज्ञ भोलामान सिंह बस्नेत ।

## जिल्ला स्तरीय ब्याडमिन्टन शुरू

**बिर्तामोड, फागुन २४।** झापाको बिर्तामोडमा शनिवारबाट जिल्ला स्तरीय प्रथम लायन्स ब्याडमिन्टन प्रतियोगिता २०७६ शुरु भएको छ ।

स्वस्थ जीवनका लागि खेलकुद भन्ने नारासहित शुरु भएको प्रतियोगितामा २४ टिमले भाग लिएका छन् । लायन्स क्लव अफ अनारमनीको आयोजनामा भएको जिल्ला स्तरीय प्रतियोगिताको उद्घाटन लायन्स क्लव इन्टरनेशनल डिस्ट्रिक ३२५ ए वान एरिया चिफ लीला चिमरियाले गरेका थिए ।

लायन्स क्लव अफ अनारमनीका अध्यक्ष शैलेन्द्रकुमार कुरुङ्वाङको अध्यक्षतामा भएको उद्घाटन सत्रमा खुल्ला डबल र

(बाँकी अन्तिम पृष्ठमा)

## धनकुटा सेमीमा

**अर्जुनधारा, फागुन २४।** धनकुटा जिल्ला फुटबल संघ झापाको अर्जुनधारामा जारी प्रदेश नम्बर १स्तरीय महिला फुटबल प्रतियोगिता सुखानी शहीद स्मृति गोल्डकपको सेमीफाइनलमा प्रवेश गरेको छ ।

अर्जुनधारा-९स्थित नमूना खेलमैदानमा शनिबार सम्पन्न भएको खेलमा पारिजात महिला फुटबल क्लब झापालाई टाइब्रेकरमा ४-३ गोल अन्तरले पराजित गर्दै धनकुटा सेमीफाइनल प्रवेश गरेको हो ।

निर्धारित ७० मिनेटको समयमा दुवै टोलीले गोलरहीत बराबरी खेलपछि निर्णय टाइब्रेकरबाट लिइएको थियो । जसमा धनकुटाका लागि असारा दाहाल, अञ्जना थुलुङ, सुशीला चौधरी र सुस्मिता राई

(बाँकी अन्तिम पृष्ठमा)

डाक्टर आउने बारेको सूचना

डा. पवन पराजुली NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM
ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ
महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)
कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर
बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)

यौन तथा प्रजनन् रोगका विरामीहरूका लागि खुशीको खबर

फागुन २८ गते बुधवारका दिन काठमाडौंबाट आउनु हुने विशेषज्ञ डाक्टरद्वारा सेवा दिइने हुँदा विरामीहरुले मौकाको फाइदा लिनुहोला ।

हाम्रा सेवाहरुः सबै खालका शारीरिक तथा मानसिक यौन समस्याहरु, पुरुषमा हुने शीध्रपतन, धातु खस्ने, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, चिलाउने, स्वप्नदोष, सरुवा यौन रोग साथै उमेर अनुसार यौन अंगको विकास नहुने, मलिाहरुको महिनावारी गडबढी, सेतोपानी वग्ने, तल्लो पेट दुख्ने, बाँझोपन, ढाड दुख्ने, यौन सम्बन्धी सबै खालका समस्याहरुको सफल उपचार । त्यस्तै गरी महिला तथा पुरुषमा हुने निसन्तानपनको विशेष परामर्श तथा सफल उपचार गरिन्छ ।

माता मनकामना आयुर्वेद क्लिनिक
अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर,
बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)




नेपालीहरुको लागि भरपर्दो सेवा
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा १०% छुट गरिएको छ ।




सातौं बर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरु उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड
निशान्त- ८३४२०७८४५४/८३४८४४३७१७
इण्डिया, ९८४०१६४४५३ नेपाल

कन्काई हस्पिटल प्रा. लि. बिर्तामोड, झापा विशेषज्ञ सेवा हाम्रो प्रतिबद्दता सबैको पहुचमा हाम्रो स्वास्थ्य सेवा

डा. बिकाश जैशी
MBBS, MD (INTERNAL MEDICINE)
DM (HEPATOLOGY) NAMS
बरिष्ठ लिवर (कलेजो), पेट, ग्याष्ट्रिक, अल्सर, जण्डिस, हेपाटाइटिस रोग विशेषज्ञ
यसपटक २०७६/११/२५ आईतबार
विर हस्पिटल काठमाडौंबाट
अग्रिम नाम दर्ता गर्नुहोस् ।

डा. अभिलाशा शाह
MBBS, MD (INTERNAL MEDICINE)
Fellowship in Rheumatology & clinical Immunology (Sir Gangaram Hospital, Delhi)
बरिष्ठ बाथ रोग बिशेषज्ञ
यसपटक २०७६/११/३० शुक्रबार र १२/०१ शनिवार नर्भिक हस्पिटल काठमाडौंबाट
अग्रिम नाम दर्ता गर्नुहोस् । विर हस्पिटल काठमाडौंबाट
अग्रिम नाम दर्ता गर्नुहोस् ।

प्रा.डा. गौरवराज ढकाल
MBBS, MS (KU)
ASSI FELLOWSHIP (PARK CLINIC KOLKOTA, INDIA) NASS CLINICAL TRAVELLING SPINE FELLOWSHIP (USA)
बरिष्ठ स्पाईन (मेरुदण्ड) ढाड,कम्मर, गर्धन रोग विशेषज्ञ/सर्जन
यसपटक २०७६/११/२४ शनिवार
राष्ट्रिय ट्रमा सेन्टर काठमाडौंबाट
अग्रिम नाम दर्ता गर्नुहोस् ।

२४सै घण्टा उपलब्ध सेवाहरु
- आकस्मिक तथा आपतकालिन सेवा
- आधुनिक भेन्टिलेटर सहित ICU सेवा
- जनरल तथा ल्याप्रोस्कोपी शल्यचिकित्सा
- आधुनिक एनलाइजर सहित प्याथोलोजी सेवा
- आकस्मिक दुर्घटनाको विशेष सुविधा तथा उपचार
- आधुनिक अमेरिकन कम्पनिको आर्थोस्कोपी मेसिनद्वारा जोर्नी फेर्ने र जोर्नी सफा गर्ने सर्जरी
- फार्मेसि सेवा
- ५०० ma डिजिटल x-ray सेवा
- जनरल फिजिसियन चिकित्सा सेवा
- स्त्री तथा प्रसुति शल्यचिकित्सा
- हाडजार्नी तथा नशा शल्यचिकित्सा

जानकारी तथा नाम दर्ताको लागि
०२३-५४३८०७,५४३८१८,५४००७८
९८११३३५६२४

नेपाल सरकार स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन भइरहेको जानकारी गर्दछौं ।

## जिल्ला ...

खुल्ला भेट्रानमा २४ टिमले प्रतिष्पर्धा गरिरहेका छन् । आइतवार क्वाटर र सेमीफाइनलका खेल हुने बताइएको छ ।

व्याडमिन्टन खेलाडी उत्पादन गर्ने, युवालाई दुर्व्यसनबाट मुक्त राख्ने, व्याडमिन्टन खेलको प्रचार गर्ने उद्देश्यसहित प्रतियोगिता आयोजना गरिएको आयोजक समितिका अध्यक्ष कुरुङ्वाङले बताए ।

प्रतियोगिताको उद्घाटन सत्रमा बोल्दै कार्यक्रमका अतिथि समेत रहेका लायन्स क्लव इन्टरनेशनल डिस्ट्रिक ३२५ ए वान एरिया चिफ चिमरियाले लायन्सले सामाजिक कामसंगै अन्य सकारात्मक काम पनि गर्दै आएको बताए ।

मानिसलाई स्वस्थ रहन खेलकुद महत्वपूर्ण रहने भएकाले यस खाले प्रतियोगिता हुन आवश्यक रहेको बिर्तामोड निवासी सञ्जीव घिमिरेको भनाइ छ ।

फागुन २६ गते समापन हुने प्रतियोगिता बिर्ता व्याडमिटन क्लबको कवर्ड हलमा भइरहेको छ ।

प्रतियोगिताका खुल्ला डवलका बिजेताले नगद २० हजार, उपविजेताले नगद १५ हजार र तेस्रो हुने टिमले नगद पाँच हजार रुपैयाँसहित ट्रफी र प्रमाणपत्र पाउने छन् ।

त्यस्तै भेट्रान डवलका विजेताले नगद १५ हजार र उप विजेताले नगद १० हजार रुपैयाँ पुरस्कार पाउने आयोजक समितिले जनाएको छ । प्रतियोगिताको उद्घाटन सत्रमा लायन्स मिनप्रकाश मैनाली, रवीन्द्र भट्टराई लगायतले बोलेका थिए ।

## धनकुटा ...

गोल गर्न सफल भएका थिए ।

त्यसैगरी पारिजातका लागि सुस्मिता लेप्चा, निलु तिर्की र रिमा तामाङले मात्र गोल गर्न सफल भएका थिए । खेलको वुमन अफ द म्याच घोषित पारिजातकी रिमा तामाङलाई प्रदेश १का सांसद् अर्जुन राईले नगद ३ हजारसहित ट्रफी प्रदान गरेका थिए ।

आइतबार लेटाङ फुटबल क्लब मोरङ र म्याङ्लुङ नगर खेलकुद विकास समिति तेह्रथुमबीच हुने आयोजक सुखानी शहीद स्मृति प्रतिष्ठानका व्यवस्थापक पुष्प तिवारीले जानकारी दिए ।

## विप्लवका ...

प्रमुख प्रहरी नायब उपरीक्षक नरबहादुर सलामी मगरले जानकारी दिए ।

राईको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ । प्रहरीले केही दिनअघि विप्लव समूहका जिल्ला सदस्य सुमित परियारलाई भोजपुरको कोटबाट नियन्त्रणमा लिएको थियो । पूर्वी जिल्लाबाट प्रहरीले विप्लव माओवादीका कार्यकर्ता धमाधम पक्राउ गरिरहेको छ ।

## सेल्फी ...

कोइरालाले जानकारी दिए ।

बेपत्ता कुमारको उमेर खुल्न सकेको छैन । आफूसँगै अध्ययनरत् साथीहरुसँग घुम्नको लागि मूलघाट पुगेका कुमारलाई सेल्फी खिच्ने क्रममा दिउँसो साढे बाह्र बजे नदीले बगाएको थियो ।

नदीले बगाएर बेपत्ता भएका कुमारको स्थानीयवासी, नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीले खोजी कार्य गरिरहेको एसपी कोइरालाले बताए ।

## बिमानस्थल ...

महिनामा पर्छ । पर्यटक र सर्वसाधारणको आवतजावत पनि सँधै यो मौसममा कमी हुने गरेको त्यसमाथि कोरोनाको संक्रमणको हल्ला चलेसँगै यतिबेला मानिसको चहल-पहल कम हुँदै गएको छ । झापाको एक मात्र विमानस्थल भद्रपुर विमानस्थलमा पनि यात्रुको संख्या लगभग ५० प्रतिशतले कमी आएको भद्रपुर विमानस्थल पुगेका एक यात्रुले बताएका छन् ।

विगतका बर्षमा फागुन-चैत महिनामा त्यसै पनि यात्रुको हवाई टिकट बुकिङ गर्नेको संख्या कमी हुने गरेको थियो । यो बर्ष केही दिनदेखि कोरोनाको हल्लाको कारणले २०देखि २५ प्रतिशत टिकट बुकिङमा कमी आएको नाम उल्लेख नगर्ने शर्तमा भद्रपुर विमानस्थलमा खटिएका यति एयरलाइन्सका एक कर्मचारीले बताए ।

भद्रपुर विमानस्थल सँधै खचाखच हुने गरेको भए पनि शनिबार मध्यान्ह यात्रुको संख्या औंलामा गन्ने मात्र देखिएका थिए ।

उता नेपाल सरकारले नेपालबाट सिधा उडान रोक्न प्रारम्भिकरुपमा छलफल गरेको छ । तर, अध्ययनपछि मात्रै ठोस् निर्णय गर्नुपर्ने भन्दै संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्राधिकरणसँग सुझाव मागेको थियो । नेपाल र सम्बन्धित मुलुकको स्वास्थ्य सतर्कता र संवेदनशीलता हेरेर यो निर्णय लिन सकिने प्राधिकरणको प्रतिवेदनमा उल्लेख छ ।

प्राधिकरणले प्रतिवेदनमा मुलुकभित्र कोरोनाको संक्रमित बिरामी पुष्टि नभएका कारण तत्कालै उडान अवतरण रोक्नुपर्ने अवस्था नरहेको सुझाव दिएको अवस्थामा नागरिक आफैं सचेत बनेर भीडभाडमा आवतजावत बन्द गर्न थालेका छन् । त्यसको असर आन्तरिक उडानमा पर्न थालेको बताइएको छ ।

## कोरोना ...

भाइरस सम्वन्धी परीक्षण गर्न तथा ल्यावका लागि प्रयोग हुने सामग्रीका लागि प्रदेश सरकारलाई आग्रह गर्ने र स्थानीय तहले आइसोलेशन रुम तथा सोको सामग्रीहरुको व्यवस्था मिलाउन पहल गर्ने निर्णय भएको छ ।

झापाका सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रमुखहरुसहितको वैठकले झापामा कोरोना भाइरस सम्वन्धी सचेतना जगाउन सबै एक हुने निर्णय समेत गरेको छ ।

यसैबीच झापाको बिर्तामोडमा रिपोटर्स क्लवले आयोजना गरेको कार्यक्रममा बोल्दै मेची अस्पतालका सुपरिटेन्डेन्ट डा. पिताम्वर ठाकुरले कोरोना भाइरस हल्ला गरेजस्तो भयाभह स्थितिको रुपमा नरहेको बताएका छन् । उनले सम्भावित जोखिमबाट बच्नुपर्ने तर, गलत हल्लाको पछि लागेर यसलाई भयभित बनाउन नहुने धारणा राखे । भाइरसका कारण यस अघि पनि धेरैले ज्यान गुमाउने गरेको तर कोरोना भाइरसका वारेमा धेरै हल्ला गरिएको उनले बताए । नेपालमा हालसम्म एक जना व्यक्तिमा मात्रै कोरोनाको संक्रमण देखिएको र उनलाई आइसोलेशनमा राखेर उपचार भइरहेको डा. ठाकुरले जानकारी दिए । उनले झापामा हालसम्म कोराना भाइरसको उपचारका लागि कुनै पनि अस्पतालमा आइसोलेशन कक्षको व्यवस्था नगरिएको बताए ।

स्वास्थ्य कार्यालय झापाका निमित्त प्रमुख ईश्वरीप्रसाद पौडेलले सबै स्थानीय तहहरुलाई कोरोना भाइरसविरुद्धका सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सर्कुलर गरिसकिएको बताए । उनले जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरेर बजार अनुगमन समेत शुरु गरेको जानकारी दिए ।

बीएण्डसी अस्पतालका डा. राकेश मण्डलले इवोला, सार्स लगायतका भाइरस भन्दा कोरोना भाइरसका कारण कम मानिसको मृत्यु भएको बताएका छन् । उनले कोरोना भाइरसको संक्रमण भन्दा पनि हल्ला धेरै भएको बताए । डा. मण्डलले रोग प्रतिरोधात्मक क्षमता कम भएका मानिसको मृत्यु भएको भन्दै बढी भीडभाड भएको स्थानमा नजान र मास्कको अनिवार्य प्रयोग गर्न सुझाव दिएका छन् ।

बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराईले कोरोना भाइरसबाट बच्न सबै सजग हुनुपर्ने धारणा राखेका थिए । उनले वाणिज्य संघले सिलाइबुनाइ व्यवसायीसंग सहकार्य गरेर कपडाको मास्क बनाएर बितरण गर्ने तयारी गरेको जानकारी दिए ।

प्याब्सनका प्रतिनिधि हरिकुमार पाठकले कोरोना भाइरसविरुद्ध विद्यालय तहमा सचेतनामूलक कार्यक्रम शुरु गरेको बताए । सरकारले चैत ५ गतेभित्र कक्षा ९ सम्मको वार्षिक परीक्षा सक्न आग्रह गरेपनि सोही समयमा परीक्षा सक्न सम्भव नभएको उनले बताए ।

जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले झापा भारतसँग सीमाना जोडिएको जिल्ला भएकाले सीमवर्ती क्षेत्रमा रहेका २८ वटा प्रहरी बिटहरुबाट निगरानी शुरु गरेको जानकारी दिए ।

उनले भारतमा समेत कोरोना भाइरसका बिरामी फेला परेको र नेपाल प्रवेश गर्नेहरुलाई प्रहरीले निगरानी गर्दै स्वास्थ्यकर्मीलाई खवर गर्न शुरु गरेको बताए । उनले होली पर्ब आ-आफ्नै परिवारसंग मनाउन आग्रह गर्दै सार्वजनिक स्थानमा कुनै पनि कार्यक्रम हुन नदिने दावी गरे ।

यसैबीच सहारा नेपाल सहकारी संस्था लिमिटेड बिर्तामोडले जीवन बरदान कार्यक्रम अन्तर्गत आफ्ना सदस्यलाई कोरोना भाइरसबाट बच्न अपनाउनुपर्ने सावधानीका विषयमा जानकारी गराएको छ ।

सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लक्ष्मीपुर सेवा केन्द्रले 'कोरोनाविरुद्धको अभियानमा सहारा' भन्ने मूल नाराका साथ झापाका विभिन्न संस्थाको सहयोगमा कोरोना भाइरससहित विभिन्न रोगहरुका बिषयमा प्रशिक्षण प्रदान गरेको छ ।

तालिममा सरुवारोग कोरोना भाइरस, प्रेसर, सुगर, थाइराइड, ग्याष्ट्रिक, बाथ, दम, नशा, योग, थेरापी, घरायसी जडीबुटी लगायतका बिषयमा सदस्यलाई जानकारी गराएका थियो । सहभागीलाई डा. ब्रजेश मेहताले कोरोना भाइरस र मानव स्वास्थ्य तथा सरकारी नीति, सरुवा रोग एवम् पोषण सम्बन्धी जानकारी दिएका थिए । त्यस्तै डा. दिनेशकुमार थापाले प्रेसर, सुगर, थाइराइड, ग्याष्ट्रिक, दम, नशालगायतका रोग रोकथामका विषयमा जानकारी दिए ।

डा. राधेश्याम पोखरेलले प्राकृतिक चिकित्सा, योग र थेरापीका विषयमा र डा. सतेन्द्र यादवले आयुर्वेद शिक्षा तथा जडीबुटीसहित खानपान र जीवनशैलीका विषयमा प्रशिक्षण दिएको सहारा साकोस लक्ष्मीपुर सेवा केन्द्रका प्रमुख उमेश भारतीले जानकारी दिए । ६५ जना सदस्यको उपस्थितिमा भएको कार्यक्रममा योग प्राणायाम, व्यायाम, श्वास प्रश्वासका बिषयमा समेत प्रशिक्षण दिइएको थियो ।

कार्यक्रमकाबीच दुर्गादेवी आचार्यलाई २ लाख र कल्पना जोगीलाई एक लाख रुपैयाँ परिवार राहत वितरण गरिएको थियो । लक्ष्मीपुर सहयोग समिति संयोजक केदारशम्शेर गिरीको अध्यक्षतामा भएको कार्यक्रममा कनकाईका अध्यक्ष प्रेमबहादुर कटुवालको प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रममा विशिष्ट अतिथि अर्जुनधारा नगरपालिका वडा नं. ५का अध्यक्ष ध्यानबहादुर भारती, विशेष अतिथि वीएण्डसी हस्पिटलका डा. दिनेशकुमार थापा, सहारा नेपालका साकोसका जीवन वरदान कार्यक्रम संयोजक भक्तबहादुर खड्कालगायतको उपस्थिति थियो । कार्यक्रमको सञ्चालन लक्ष्मीपुर सेवा केन्द्र प्रमुख भारतीले गरेका थिए ।


**कर्मचारी आवश्यकता**

मुक्ति रेष्टुरेन्ट बिर्तामोडको लागि निम्न अनुसारका कर्मचारी आवश्यक परेको हुँदा इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

कुकः १ जना दक्ष वेटरः १ जना

सम्पर्कः 9802610509

**कर्मचारी तु-आवश्यकता**

लक्ष्मीपुरबाट पञ्चकन्या, प्रोभिडेन्स कलेज उत्तरबाट कृष्ण हल हुँदै मुक्तिचोक उत्तर शनिश्चरे रोड, पाथीभराटोल, कृषिथोक, महेन्द्र शोरुमसम्म लक्ष्मीपुरदेखि दुर्गापुर सिमसार चम्पापुरसम्म पत्रिका वितरण गर्ने आफ्नो मोटरसाइकल भएको व्यक्ति तु–आवश्यकता परेको हुँदा इच्छुकले सम्पर्क गर्नुहोला ।

तलबः १०,००० (बोनसले तेल हाल्न पुग्ने)

सम्पर्कः ९८०१४०४०००, ९८१६६४१५७३

**नेपाल अपाङ्ग संघ, खग्रेन्द्र नवजीवन केन्द्र झापा शाखाको**

**जिल्लासभा सम्बन्धी सूचना**

यस नेपाल अपाङ्ग संघ, खगेन्द्र नवजीवन केन्द्र झापा शाखाको निर्वाचनसहितको २१औं जिल्ला सभा निम्न मिति, समय र स्थानमा आयोजना गरिने भएको हुँदा सो सभामा शाखामा आवद्ध सम्पूर्ण सदस्यज्यूहरुलाई उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

मिति : २०७६ साल चैत १ गते समय : दिनको ठीक ११ बजेदेखि

स्थान : झापा उद्योग संघको सभाहल, भद्रपुर–५

लता चापागाँई (कार्की): कार्यवाहक सभापति

नेपाल अपाङ्ग संघ, खगेन्द्र नवजीवन केन्द्र झापा शाखा

**बिमालेख हरायो**

पृथ्वीनगरबाट बिर्तामोड आउने क्रममा यही मिति २०७६/१०/०३ गते मेरो निम्न व्यहोराको एलआईसी नेपालको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम:- भीमप्रसाद राई

ठेगाना:- भद्रपुर–१, झापा


पोलेसी नं.:- ६०००१११७६

कम्पनी नाम: एलआईसी नेपाल

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी

023-545402

9825952677

9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।






श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा ■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

# नारी सशक्तिकरण आजको आवश्यकता

**आज विश्वभर अन्तर्राष्ट्रिय नारी दिवस मनाइँदैछ। अन्तर्राष्ट्रिय नारी दिवस महिला जागरुकता सम्बन्धी दिवस हो। यो अंग्रेजी पात्रो अनुसार ८ मार्चमा विश्वभर मनाइन्छ। राजनीतिक तवरबाट शुरु भएको भएता पनि हाल महिला अधिकार, महिला सशक्तिकरण र समानता आदि सवालहरू अन्तर्राष्ट्रिय नारी दिवसका बिषयहरू हुने गरेका छन् । श्रमिक नारी दिवसका नामले समेत यो दिवस परिचित छ । विश्वका महिलाले मुक्तिका लागि गरेको संघर्षको सम्झना गर्ने दिन हो यो । सन् २०१० मा डेनमार्कको कोपनहेगनमा भएको समाजवादी श्रमिक महिलाको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनपछि हरेक वर्ष ८ मार्चलाई अन्तर्राष्ट्रिय नारी दिवसको रुपमा मनाउन थालिएको हो । नेपालमा भने यो दिवस वि.सं. १९७५ देखि मनाइँदै आएको छ । यो दिवस सर्वप्रथम् १९०९ फेब्रुअरी २८ मा मनाइएको थियो । १९१० मा महिलाहरुलाई मत हाल्ने अधिकार सुनिश्चित गर्ने उद्देश्यको साथ यसलाई अन्तर्राष्ट्रिय दर्जा प्रदान गरिएको हो ।**

**संयुक्त राज्य अमेरिकाको सोशलिस्ट पार्टीले २८ फेब्रुअरी १९०९ मा सर्वप्रथम नारी दिवसको आयोजना गरेको थियो । सोशलिस्ट पार्टीले सन् १९०८ को अन्तर्राष्ट्रिय महिला कपडा कामदारको आन्दोलनको स्मरणमा २८ फेब्रुअरी १९०९ को दिन महिला दिवस मनायो । यसपछि यो फेब्रुअरीको अन्तिम आइतबारको दिन मनाइन थालियो । त्यससमय यसको प्रमुख ध्येय महिलाहरुलाई मताधिकार दिनु थियो, त्यस समय कतिपय देशमा महिलाहरुलाई मत दिने अधिकार थिएन । १९१७ मा रसियाका महिलाहरुले, महिला दिवसमा गाँस र कपासको लागि हड्तालमा जाने निर्णय गरे । यो हड्ताल पनि ऐतिहासिक थियो । जारले सत्ता छोडे, अन्तरिम सरकारले महिलाहरुलाई भोट दिने अधिकार दियो। त्यस समय रुसमा जुलियन क्यालेन्डरको प्रचलन थियो र बाँकी धेरैजसो देशमा ग्रेगेरियन क्यालेन्डरको प्रचलन थियो । यी दुई दिनमा केही फरक छ । जुलियन क्यालेन्डर अनुसार १९१७ को फेब्रुअरीको अन्तिम आइतबार २३ फेब्रुअरीमा पर्थ्यो जब कि ग्रेगेरियन क्यालेन्डर अनुसार त्यसदिन ८ मार्च थियो । त्यससमय धेरैजसो देशमा ग्रेगेरियन क्यालेन्डर प्रचलित थियो। त्यसैले ८ मार्च महिला दिवसको रूपमा मनाइन थालिएको इतिहास पाइन्छ ।**

**आधुनिक विश्वमा अब महिलामाथिका सबैखाले विभेद अन्त्य गरी समान अधिकार र व्यवहार अहिलेको आवश्यकता बनेको छ। समान अधिकारका लागि महिलालाई सिप र स्वरोजगार जरुरी छ । महिलाले श्रमको उचित मूल्य पाउनुपर्ने, स्वस्थकर वातावरण र सामाजिक सुरक्षा हुनुपर्ने, आठ घण्टा काम, आठ घण्टा मनोरञ्जन र आठ घण्टा विश्राम गर्न पाउनुपर्ने आवाज आज पनि उठिरहेको छ । पछिल्लो समयमा महिलाले सार्वजनिक क्षेत्रमा पनि प्रवेश पाउनुपर्ने, रोजगारीको अधिकार सुनिश्चित हुनुपर्ने, समान प्रतिनिधित्व हुनुपर्ने जस्ता कुरामा पनि बहस चल्न थाल्यो र महिला अधिकार ज्वलन्त बहसको विषय बन्यो र अधिकार स्थापित हुँदै गयो । महिला अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाको व्यवहारमै कार्यान्वयन अहिलेको आवश्यकता हो । महिलालाई हरेक ठाउँमा सहभागी गराउन सकिए मात्र महिलाहरुले सही अर्थमा फड्को मार्न सक्छन् र दिवसको पनि सार्थकता हुन्छ। यस दिवसलाई अझ सार्थक बनाउन मूलतः अवसरबाट वञ्चित महिलालाई विकास र अवसरको मूल धारमा ल्याउनुपर्छ ।**

# समतामूलक समाजका लागि स्थानीय सरकार



पूर्णबहादुर कटुवाल

आज ८ मार्च, विश्वभर ११०औं अन्तर्राष्ट्रिय नारी दिवस मनाइँदैछ। नेपालमा पनि विभिन्न कार्यक्रमको आयोजना गरी यो दिवस मनाइँदैछ। महिला अधिकारको संरक्षण, सशक्तिकरण तथा समानताको सवाललाई मुखरित गर्ने उद्देश्यले यो दिवस मनाउने गरिन्छ। सर्वप्रथम सन् १९०३ फेब्रुअरीमा मनाइन शुरु गरिएको यो दिवसले विश्वभरका महिलाहरुलाई मानवीय सवालका हरेक क्षेत्रमा सबलीकरण गर्दै महिला अधिकारका पक्षमा एक ठाउँमा उभिनुपर्ने सन्देश दिने गरेको छ।

वर्षेनि नारी दिवस मनाइन्छ। विभिन्न औपचारिक कार्यक्रमको आयोजना गरिन्छ। मुलुकका हरेक कानून र नीतिमा महिला सशक्तिकरण, अधिकार, समानताका विषयलाई सुरक्षित गरेको प्रत्याभूति दिलाइए पनि अहिलेसम्म व्यावहारिक रुपमा यो हुन सकिरहेको छैन। यो दिवस मनाउनुको औचित्य शब्दमा मात्र ब्याख्या गरिनु व्यावहारिक देखिँदैन। मूलतः व्यवहारिक रुपमै नारी दिवसको सार्थकता झल्किनु आवश्यक छ। महिला हक अधिकारभन्दा पनि महिलाको आधार र पृष्ठभूमिलाई घरपरिवारबाटै समुन्नत बनाउन सकेमात्र समाज, राष्ट्र र पुरै विश्वको प्रतिष्ठामा नारीको ओज र उचाइ बढ्न सक्छ। नारीलाई आधा आकाश, नारीशक्ति, अर्धनारीश्वर, माता आदि उपमा दिएर परापूर्वकालदेखि नै नारीको इज्जत र सम्मानलाई उच्च बनाएको छ। समाजले जसको महत्व र गरिमालाई अहिलेसम्म पनि कम आक्न सकिँदैन। त्यसैले नारी दिवसको उत्सवलाई नारी वर्गप्रतिको विशेषण मात्र नभएर समग्र समाज कै उन्नती र प्रगतिको लागि गरिएको श्रद्धापूर्ण अग्रगमनको बाटो पनि हो। नारी माथि हुने भेदभावको अन्त्य गर्दै समुन्नत समाज निर्माणको आधार नारी हुन्। तसर्थ, तीनलाई सबल बनाउन चेतनामूलक कार्यक्रमसहित यो नारी दिवसलाई मनाउने प्रयास गरिनुपर्छ।

आध्यात्मिकता र अस्तित्वको कुरा गर्दा पनि नारीलाई करुणा, प्रेम, सम्मान, र आस्थाको आधारले माथिल्लो श्रेणिमा राखिएको छ। समाज विकासको प्रारम्भिक चरणबाट नै समाजलाई निरन्तरता दिन नारी र पुरुषको सिर्जना प्राकृतिक रुपले नै भएको हो। एउटा सिक्काको दुईवटा पाटाबाट जसरी पूर्ण सिक्का बन्छ। त्यसरी नै नारी र पुरुषको मेलबाट समाजको सिर्जना भएको हो। यति कुरा बुझिरहन कति पनि बठ्याई वा मुर्खता गरिरहनुपर्ने होइन। अधिकार बाँडफाँडका कुरा गरिरहनुपर्ने पनि होइन। तर, यही सिक्काको एउटा पाटो मानिएको पुरुष कै कारणले आजसम्म आइपुग्दा पनि महिला अधिकार र सशक्तिकरणका कुरा गरिरहनु परेको छ। नारी पुरुषबीचका अधिकार प्राकृतिकरुपमै फरक छैनन्। तर, यही विषयलाई हरेक कालखण्ड, हरेक परिवेशमा सुगा रटाई रट्नु परेको छ। हामी शताब्दी बद्लिएको कुरा गर्छौं, विज्ञान र



प्रविधिको उच्चतम् विकास र प्रयोगको हवाला दिन्छौं। तर, आखिर यो सबै परिवर्तन कसको जोडबल र प्रयत्नले भयो भन्ने कुरा नै बिर्सिएका छौं। आजसम्म जुनसुकै समाजले पनि नारी अधिकार, हक र समानताको सवाल उठाउने गर्छ। यो आफैंमा लज्जास्पद विषय हो। यो व्यवहार हामीले नै गरिरहेका छौं। आखिर दिने र लिने हामी समाजका दुबैपक्ष नै होइनौं। दुबैले दिने र दुबैले लिने नै हो। यो आदर्शलाई कुनै पनि नारी दिवसले भुल्नु हुँदैन। समाज नै विभेदकारी छ। हामी सामाजिक प्राणी भनिएकाहरु नै विभेदकारी छौं। अधिकार दिने दाता होइनौं हामी। विभेदकारी समाजलाई घच्घच्याउने वर्षेनि नारी दिवसलाई माध्यम बनाएर हामी अघि बढिरहेका छौं। तर, अबको नारी दिवस नारीलाई अधिकार दिएर सक्षम बनाउने भन्नुभन्दा पनि समान अधिकार सम्पन्न समाज भएको खुशियालीमा मनाउनु चाहिँ अझ सार्थक हुनसक्छ।

व्यवहारिक रुपमै महिलामाथि विभेद गरिएको कुरालाई नकार्न सकिँदैन। समाजमा भए/गरेका अन्याय अत्याचार र विभेद महिलामाथि नै बढी छन्। यी विभेदको अन्त्य नारी दिवस मनाएर नै समुल अन्त्य हुने होइन। मात्र यस दिनले नयाँ योजनाका साथ अघि बढ्ने ऊर्जा दिन सक्छ। खासगरी महिलालाई सम्पत्तिमा हक, शिक्षामा हक र स्वतन्त्र भएर बाँच्न पाउने हक जल्दाबल्दा सवाल हुन्। पितृसत्तात्मक समाजबाट सिर्जित यी सवालको अन्त्यको लागि नारी दिवस सार्थक बन्नुपर्छ भन्ने सोच हाम्रो हो। नेपालको वर्तमान संविधानले महिला हक-अधिकारको धेरै सवाललाई सुरक्षा प्रदान गरेको छ। नीति-निर्माण तहदेखि राजनीतिका हरेक पक्षमा महिला सहभागितालाई उच्च सम्मान गरेको छ। महिला सहभागिताको यो प्राथमिकता सँगै व्यावहारिक रुपमा सामाजिक र पारिवारिकरुपमा हुने विभेदको अन्त्य भने हुन नसक्नु अझ गम्भीर सवाल हो। इच्छाशक्ति भए महिलाको लागि कानूनीरुपमा अहिले हरेक ढोका खुल्ला छन्। आफ्नो क्षमता प्रस्तुत गर्न महिलाला कुनै रोकावट छैन। यो अवस्थालाई अब व्यावहारिक रुप दिन मात्र बाँकी छ। यसका लागि महिलाले आरक्षणमा मात्र सीमित नभएर प्रत्यक्ष सहभागिताका आधारमा आफूलाई प्रस्तुत गर्न सक्नुपर्छ।

समाज परिवर्तन गरेर अधिकार सम्पन्न र सक्षम महिला भएको समाज हेर्नको लागि समाजमा विद्यमान रुढीवादी परम्पराको अन्त्य हुन जरुरी छ। जति नै धेरै कानून बने पनि संविधानका हरेक धारामा महिला स्वतन्त्रताका कुरा उठाउ पनि समाजमा जरा गाडेर बसेको रुढीवादी परम्पराको अन्त्य नभएसम्म समाजमा महिला विभेदको अन्त्य हुँदैन। परिवर्तन जादुको छडी होइन। तामझामका साथ नारी दिवस मनाउँदैमा, प्रतिबद्धता जनाउँदैमा, गुलिया भाषण बाँड्दैमा समाज परिवर्तन भएर महिला अधिकार प्रत्याभूत गर्न सकिँदैन।

मानिसको सोचमा परिवर्तन नआएसम्म विचार परिवर्तन सम्भव छैन। तसर्थ, घरपरिवारबाट नै सोचमा परिवर्तन गरी नारी स्वतन्त्रता र अधिकारको विषय उठान हुन जरुरी छ। यसको लागि उपाय पनि सजिलो छ। यत्रो परिवर्तन मुलुकमा हामीले केको लागि ल्यायौं ? परिवर्तनका लागि नै हो। यो परिवर्तन राजनीतिक दलको अगुवाइमा आयो। मुलुक बदलियो। विश्वकै अनुपम उदाहरण बनेर संविधानसभाबाट संविधान बनाउन हामी नै सफल भयौं। विश्वमा विरलै मात्र हुने परिवर्तन नेपालमा भयो। परिणाम स्वरुप गणतन्त्र स्थापना भयो। यो अवसर नेपाल, नेपाली समाज र नेपाली नागरिकको सुवर्ण अवसर पनि हो। यसकै परिणति हो, जनताको सरकारको स्थापना। अब गाउँ-गाउँमा, कुनाकन्दरामा मुलुकको भाग्य निर्माण गर्ने अभिमत पाएका राजनीतिक दलका प्रतिनिधिमूलक सरकार गठन भएका छन्। यसभन्दा पर कहीँकतै पनि राजनीतिक र सरकार संरचना बन्ने ठाउँ बाँकी छैन।

जनताको भाग्य निर्माण गर्ने अवसर र परिवर्तनमा रहेको सरकारले समाज रुपान्तरण गर्ने अभियान सञ्चालन गर्नुपर्छ। यही अभियान अन्तर्गत पर्छन्। मानवअधिकारको रक्षा, शिक्षा, स्वास्थ्य, जनचेतना, विकास, उन्नती र प्रगति। यिनै कुरामा सुधार आउनु नै विकास हो। अब नारामा मात्र परिवर्तन सीमित गरिनु हुन्न। राजनीतिक दल र जनताद्धारा निर्मित सरकारभन्दा शक्तिशाली अस्त्र दुनियाँमा कुनै हुन सक्दैन। तसर्थ, समाज रुपान्तरणका अभियान अन्तर्गत नै पर्ने महिला अधिकार र सशक्तिरणलाई आत्मसात गर्दै सरकारले सामाजिक न्याय दिन सक्नुपर्छ। नारी दिवसको सार्थकतालाई अझ उचाइमा पुर्‍याउन जनप्रतिनिधमूलक सरकारले नै सचेतना अभिवृद्धिमा आफ्नो ध्यान केन्द्रीत गरी यो दिनलाई उपलब्धिमूलक बनाउन सक्नुपर्छ। समतामूलक समाजको निर्माण गर्न स्थानीय सरकारको भूमिका र जिम्मेवारी गहकिलो हुन आवश्यक छ।

सन्दर्भ : ११०औं अन्तर्राष्ट्रिय महिला दिवस

# लैङ्गिक समानताका लागि समान सोच



स्वस्तिका आचार्य

महिला र पुरुषबीच समान मूल्य-मान्यता कायम गर्नु आर्थिक, सामाजिक र बौद्धिक विषयका लागि समान अवसर प्रदान गर्नु तथा महिला र पुरुषबीच समान हैसियत राख्नु नै लैङ्गिक समानता हो।

यो परिभाषा यहाँ लेखिरहँदा यसले भने जस्तै हामीले व्यवहारमा समानता महशुस गरेका छौं त ? एकपटक सोचौं त ? यदि लैङ्गिक समानता कायम थियो भने ती अबोध छोरीहरुलाई किन जन्मनै नपाउँदै छानी-छानी भ्रुण हत्या गरिन्छ ? के उनीहरुलाई संसार देख्ने अधिकार छैन। अझ पहिलो सन्तान 'छोरो' पाएका आमाहरु यति ढुक्क देखिन्छन् कि दोस्रो सन्तान जे होस्, छोरा हुँदा 'ढुक्क' हुने अनि छोरी हुँदा ढुक्क नहुने किन त ? छोरा पाउनकै लागि बच्चा जन्माइरहने ? छोरी पाएकै निहुँमा अपहेलित हुनुपर्ने ? आखिर कहिलेसम्म ?

हामी हाम्रै घरबाट पनि विभेदलाई प्रश्रय दिइरहेका छौं। छोरालाई खेलौंना स्वरुप गाडी, बन्दुक, हवाइजहजा किनिदिन्छौं, तर छोरीलाई पुतली, गुडिया, भाँडाकुटी किनिदिन्छौं। के छोरीलाई चाहिँ त्यो हजाइजहाजमा बसेर सपनाको उडान भर्ने मन नभएको हो र ? त्यो बन्दुक पड्काउन डर लागेको हो र ? अहँ होइन उनलाई जबरजस्ती डर लगाइयो।

तपाईं हामी जुन घरमा जन्मियौं, हुर्कियौं हामी जन्मनुभन्दा अगाडि नै असमानता र विभेद जन्मेर हुर्किसकेको थियो। म मेरो कापीकलम किन्न आमामार्फत बुबासँग पैसा माग्नु पर्थ्यो। हो, त्यही बेलादेखि नै म भित्र पनि मेरो आमाभन्दा बुबा नै सक्षम र बलियो भन्ने मानसिकता विकास भइसकेको थियो।

हाम्रा पुर्खाहरुले अशिक्षा, अभाव वा संस्कारको नाममा समानताको पाठ सिकाएनन् भनेर के हामीले हाम्रा सन्ततीलाई नसिकाउने हो र ? हामीले जुन हिंसा, विभेद र असमानता देख्यौ र भोग्यौ अब त्यसलाई सुधार्ने जिम्मा हाम्रो हो। जसका लागि समान सोच आवश्यक छ, जब सोचमा परिवर्तन आउनेछ, व्यवहारमा स्वतः परिवर्तन देखिनेछ।

महिला स्वयम् आफूलाई कमजोर ठान्ने, पुरुषलाई सक्षम ठान्ने, पुरुषलाई अगाडि सार्ने, जिम्मेवारी लिन डराउने लगायतका मानसिकताले पनि हामी पछि परेको प्रशस्त उदाहरण भेटिन्छन्। त्यसैले आजका मितिदेखि नै यो मानसिकतालाई विदा दिने प्रण गरौं।

लैङ्गिक विभेद महिला र पुरुष दुबैलाई हुन्छ। पुरुषलाई पनि समाजले थोपरिदिएको भूमिकाका कारण सके पनि नसके पनि परिवार पाल्नै पर्ने, पैसा कमाउनै पर्ने, नसके नामर्दको उपनाम पाइने डरले उनीहरु परिवारको माया छोडेर विदेशमा श्रम बेच्न बाध्य छन्। कोही बन्द बाकसमा नेपाल भित्रिएका छन्। तर, पनि विश्व परिवेशलाई हेर्ने हो भने महिला नै धेरै असमानताको शिकार हुनुपरेको तितो यथार्थ छ।



विश्वका अधिकांश देशमा महिला र पुरुषले पाउने समान कामको ज्याला समान छैन। पुरुषहरुले पाउने तलबको ६० प्रतिशत मात्रै महिलाले पाउने गरेका छन्। लामो समयसम्म राज्य र राज्यका अंगहरु पुरुषको नेतृत्वमा सञ्चालन भएकाले अहिले पनि महिलालाई नेतृत्व दिनमा हाम्रै देशको राज्य संयन्त्र हिच्किचाइ रहेछ।

सात वटा प्रदेश प्रमुख मध्ये एकजना पनि महिला प्रमुख नहुनु यसको पछिल्लो उदाहरण हो। प्रदेश र प्रतिनिधि सभाको निर्वाचनमा टिकट पाउने र जित्ने महिलाको संख्या अत्यन्त न्यून छ। स्थानीय तहको निर्वाचनमा अधिकांश महिलाहरुले 'उप' मा चित्त बुझाउनु पर्‍यो। उपल्लो दर्जामा महिलाको उपस्थिति अत्यन्तै कम छ। यो असमानताहरुका बीच पनि केही सकारात्मक प्रयासहरु भने नभएका होइनन्। नेपालको संविधानले लैङ्गिक समानता कायम गर्न केही महत्वपूर्ण व्यवस्था गरेको छ। धारा १८ को समानताको हक, स्वास्थ्य, शिक्षा सुरक्षा तथा श्रम सम्बन्धी हकमा लैङ्गिक समानता र समावेशीकरणको कुरा स्पष्ट व्यवस्था गरिएको छ।

राज्यका सबै तह र तप्कामा महिलालाई समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा विशेष अवसर प्रदान गर्ने उल्लेख छ। प्रत्येक तहमा अनिवार्य ३३ प्रतिशत महिला सहभागिताको सुनिश्चितता गरेको छ। स्थानीय निकायमा भने महिलालाई ४० प्रतिशत सहभागिता सुनिश्चितता गरेको छ।

सरकारले पनि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्झौतालाई कार्यान्वयन गर्ने जमर्को गर्दैछ। सन् २०१० को दशकमा नेपालको परिप्रेक्ष्यमा केही उल्लेख्य सफलताहरु पनि हासिल भएका छन्। ग्लोबल लैङ्गिक ग्याप सूचकांकमा सन् २०१८ मा १०५औं स्थानमा रहेको नेपाल सन् २०१९ मा ४ स्थान सुधार गर्दै १००१औं स्थानमा थियो भने छिमेकी चीन १०६औं र भारत ११२औं स्थानमा थियो।

निजामति सेवामा पनि सचिवसम्म महिला पुगेको, प्रधानान्यायधीश महिला भएको, सभामुख महिला भएको तथा राष्ट्रपति पनि महिला नै विद्यमान रहनुले पनि केही सकारात्मक सन्देश दिएको छ। राष्ट्रपति विद्यादेवी भण्डारीलाई 'फोर्ब्स' पत्रिकाले सन् २०१६ मा विश्वका शक्तिशाली महिलाहरुमध्ये ५२औं स्थानमा सूचीकृत गरेको गौरवगाथा पनि हामी सँगै छ।

पछिलो केही वर्षयता नेपाली चेलीहरुले सौन्दर्य प्रतियोगिता, खेलकुद, शिक्षा, स्वास्थ्य, समाजसेवादेखि, चलचित्र र उद्योग व्यवसायमा समेत आफ्नो दक्षता प्रमाणित गरिसकेका छन्। यसले गर्दा नेपालमा लैङ्गिक समानताले स्थान पाउँदैछ भन्नुमा दुईमत छैन। तर, पनि अझ सोचे जस्तो सफलता हात पार्ने हो भने हरेक नागरिकले आ-आफ्नो क्षेत्रबाट योगदान दिनु आवश्यक छ।

विश्वको जनसंख्यामा पनि महिला र पुरुषको जनसंख्या झण्डै आधा-आधा जस्तो पाइन्छ। नेपालको कूल जनसंख्याको आधाभन्दा बढी भाग महिलाले नै ओगटेका छन्। हरेक वर्ष मार्च ८ मा अन्तर्राष्ट्रिय नारी दिवस मनाइन्छ। यी तथ्यांकले के देखाउँछ भने महिलाको मात्रै र पुरुषको मात्रै प्रयास र सहभागिताले लैङ्गिक समानता आउँदैन।

लैङ्गिक समानताको चुरो भनेको फरक लिङ्ग तर अधिकार समान हुनु हो। त्यसैले अब हर घर, टोल, गाउँ, समाज, जिल्ला, प्रदेश हुँदै केन्द्रसम्म समानता र न्यायको बहस गरौं। एकै रथका दुई पाङ्ग्रा भएर अघि बढौं, हातेमालो गरौं, महिला-पुरुष दुबैले दुबैका कुरा सुनौं, सुनाउँ, बुझौं र बुझाउँ सकारात्मक सोचको विकास गरौं। र, अन्त्य ११०औं अन्तर्राष्ट्रिय नारी दिवसको सम्पूर्णमा शुभकामना।

# अन्तर्राष्ट्रिय महिला दिवस र आजको पुस्ता



संगीता उप्रेती

आज ११०औं अन्तर्राष्ट्रिय महिला दिवस हो। हरेक वर्ष मार्च ८ का दिन महिला अधिकार सम्बन्धी आन्दोलनलाई केन्द्रित गरेर यो दिवस मनाइन्छ। कतै यो दिवस सार्वजनिक विदाको रुपमा मनाइन्छ भने कतै सभा, सम्मेलन, अन्तरक्रिया तथा जुलुस प्रदर्शन गरेर मनाइन्छ। यो दिवस पक्षपातविरुद्धको दिवस हो भने यसले लैङ्गिक भेदभाव र हिंसाका विपक्षमा आफ्नो अभियानलाई अघि बढाउन संसारभरका महिलाहरुलाई प्रेरणा दिइरहेको छ। 'आई एम् जेनेरेसन इक्वालिटी : रियलाइजिङ विमिन्स् राइट्स्' भन्ने मूल नारासहित यस वर्षको अन्तर्राष्ट्रिय महिला दिवस मनाइँदैछ।

यसपटकको नाराले महिला अधिकारका सम्बन्धमा आजको पुस्तालाई गम्भीर हुन र इतिहासबाट शिक्षा लिँदै समतापूर्ण सुन्दर समाज निर्माणका लागि समर्पित हुन जोड दिएको छ। आकर्षक नारा बन्नु र बनिनु मात्र मुख्य कुरा भने होइन, मुख्य कुरा त सहीरुपमा यी नाराहरुलाई नाराको रुपमा मात्र सीमित नराखेर व्यवहारमा अगाडि बढाउनु सबैभन्दा महत्वपूर्ण रहन्छ। यसरी नारी चेतनासँग सम्बन्धित नाराहरु निर्माण भई वैचारिक जागरण भई आज ११०औं अन्तर्राष्ट्रिय विश्व महिला दिवस मनाउने अवस्था आइपुग्नुको पछाडि विगतका साहसी महिलाहरुद्वारा गरिएको क्रान्ति र नारी जागरणको सिङ्गो इतिहास जोडिएको छ।

आज २१औं शताब्दीको युगमा आधुनिकताको जीवनशैली र विकासवादी सभ्यतासँग आफ्नो तालमेल मिलाइरहेका छौं हामी। हजारौं हजार वर्षको पुरुषको गुलामीपश्चात नारी सशक्तिकरणले नारी सचेतनासँगै मुक्तितर्फ अघि बढाइरहेको छ महिलालाई। क्रमिकरुपमा परिवर्तनहरु आइरहेका पक्कै छन्। तर, पनि यो शताब्दीको आधुनिक युगले नवीन संस्कृतिमा जति नै अभूतपूर्व परिवर्तन देखाए पनि हाम्रो देशको सन्दर्भमा सामाजिक तथा सांस्कृतिक विचारधारामा लुकेको परम्परागत जडता यति बलियो छ कि राजनीतिक विचारधारा र कानूनीरुपमा देखिएको परिवर्तनले सन्तुष्टि दिन सक्ने अवस्था अझै सृजना हुन सकेको छैन। छाउपडी प्रथा, दाइजो प्रथा, छोराछोरीबीच विभेद लगायतका कुप्रथाबाट हाम्रो समाजमुक्त हुन सकेको छैन। अझै पनि हाम्रो समाज पुरुषप्रधानता जस्तो संकीर्ण सोचबाट मुक्त हुन सकेको छैन। सिंगो मानव समाजको सारा सभ्यता, संस्कृति र सामाजिक विकासमा नारीशक्तिको उतिकै योगदान छ जति पुरुषशक्तिको। नारीमा प्रेम, कोमलता, ममता, सहनशीलता, धैर्यता, करुणा, वात्सल्यता आदि अनेकौं गुणहरु विद्यमान हुन्छन्।

शक्तिको अभूतपूर्व स्रोत र जीवनदायिनी भनेर चिनिने मातृशक्तिको यो सारा सभ्यता, संस्कृति र सामाजिक निर्माणको क्षेत्रमा बराबरी सहभागिता हुन नसक्दा, नारीहरुको योगदान कम देखिएको छ पुरुषको दाँजोमा। आफूलाई सर्वश्रेष्ठ घोषित गर्दै हरक्षेत्रमा पुरुषले कब्जा जमाएको छ र एक्लो पुरुषशक्तिद्वारा निर्देशित समाजमा नारीहरुले आफ्नो उन्मुक्तिको निम्ति अविराम संघर्ष गर्नुपर्ने विषयउपर बोध गराउँछ अन्तर्राष्ट्रिय नारी दिवसले। सन् १८५७ को मार्च ८ मा अमेरिकाको न्यूयोर्कमा पुरुष सरह समान ज्यालादर र कार्यस्थलमा काम गर्ने उन्नत वातावरणको माग गर्दै तयारी पोशाक उद्योगका श्रमिक महिलाहरूले आफ्ना अधिकार राज्यद्वारा सम्बोधन गराउन प्रदर्शन गरे। आफ्ना अधिकारप्रति सचेत महिलाहरूले ५१ वर्षपछि सन् १९०८ मार्च ८ मा सन् १८५७ को आन्दोलनप्रति समर्थन गर्दै न्यूयोर्कमा पुनः श्रमिक महिलाद्वारा प्रदर्शन भयो।

महिला श्रमिकमाथिको विभेदविरुद्ध छेडिएको सो आन्दोलनमाथि फेरि प्रहरीले व्यापक दमन गर्‍यो। अमेरिकामा श्रमिकहरूको संघर्षको इतिहास लामो र उत्साहजनक छ, तर महिलाको सहयोग र समर्थनमा भएका ती संघर्ष महिलाका लागि खासै परिणाममुखी रहेनन्। महिलाका आवश्यकतालाई खासै महत्व नदिएका कारण महिला श्रमिक विभेदमा रहिरहे। क्रान्तिको शुरुवात भइसकेको थियो। आन्दोलनहरूको श्रृंखलाले निरन्तरता लियो। समान ज्याला र काम गर्ने समयमा विवेकशीलता अपनाउन माग गरिएको आन्दोलन अन्ततः सन् १९१० देखि अन्तर्राष्ट्रिय नारी दिवस बन्न पुग्यो। संयुक्त राष्ट्रसंघले महिला विकासलाई मानव विकासको आधार स्तम्भका रूपमा ब्याख्या गरेको छ। नेपालको सन्दर्भमा राज्यले महिलालाई एकदिने सार्वजनिक विदाको प्रावधान, हप्ते कार्यक्रम वा गैरसरकारी संस्थाहरूले पाँचतारे होटलमा सेमिनार गोष्ठी मै सीमित गर्ने परम्पराले महिलाको अधिकार र विभेदरहित समाजको प्रत्याभूति दिनसक्छ वा सक्दैन यो आम महिलाको चासो र बहसको विषय हुनुपर्छ। संवैधानिक र कानूनी हिसाबले महिलालाई समान अधिकार र विभेदरहित समाजको प्रत्याभूति दिलाए पनि व्यवहारगतरूपमा महिलाका अधिकारको सम्बोधन गर्न कञ्जुस्याइँ भएको महशुस महिला जगतले गरेको छ।



सन्दर्भ : ११०औं अन्तर्राष्ट्रिय महिला दिवस

नेपालको संविधान २०७२ को धारा ३८ ले महिलाका हक र अधिकारलाई सुनिश्चित गरेको छ। जसमा महिलालाई लैङ्गिक भेदभाव बिना समान वंशीय हकदेखि महिलाविरुद्ध हुने धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा प्रचलन वा अन्य कुनै आधारमा शोषण नगरिने र गरिएमा पीडितलाई कानून बमोजिम क्षतिपूर्ति प्राप्त हुने प्रावधान लगायत सम्पत्ति तथा पारिवारिक मामिलामा समान हक हुन प्रत्याभूति सो संविधानले दिएको छ। यो ज्याँदै सकारात्मक उपलब्धि हो। त्यस्तै नेपालले दिगो शान्ति हासिल गर्न समावेशी तथा समन्यायिक विकासलाई जोड दिने रणनीति अन्तर्गत महिलाको जीवनस्तर उठाउन समन्यायिक विकास रणनीति अपनाउने लक्ष्य लिएको छ। संवैधानिक व्यवस्था गरे पनि इमान्दारीपूर्वक समाजलाई नियालेर हेर्ने हो भने महिलाहरु वास्तवमा नै पछाडि रहेका पाइन्छन्। नेपाली समाज बहुधार्मिक, बहुसांस्कृतिक र बहुजातीय छ। धर्मले महिलाप्रति भेदभाव नगर्नु भने पनि धर्मको गलत व्याख्या गरी महिलाहरु प्रति भेदभाव हुँदै आएको छ। महिलाहरुलाई सन्तान उत्पादन गर्ने र पुरुषहरुको मनोरञ्जनको साधनको रुपमा प्रयोग गर्ने गरिन्थ्यो प्राचीन युगमा। महिलाहरुलाई मानव अस्तित्वविहीन बनाई दासीका रुपमा समेत प्रयोग गर्ने गरिन्थ्यो। महिलाहरुले असमान व्यवहार सहन बाध्य हुनुपरेको थियो। अहिले समय फेरिएको छ। समयको साथसाथै महिलाहरुको अधिकार र स्वतन्त्रताको लागि हरेक क्षेत्रमा आवाज उठ्न थालेको छ। जसको फलस्वरुप वर्तमानमा महिला अधिकारका क्षेत्रमा धेरै परिवर्तन भएको देख्न सकिन्छ।

समाजले महिलाहरुलाई घरधन्दाको साथै बाहिरी कामको समेत जिम्मेवारी थपेको छ। प्रकृतिले नै महिलाहरुलाई पुरुषहरुभन्दा शारीरिक रुपमा फरक बनाए पनि त्यही नै महिलाको कमजोरी हुन सक्दैन। तर, समाजले सदियौंदेखि महिलामाथि विभेद गर्दै आएको छ। यसैलाई विशेष ध्यानमा राखी उनीहरुलाई संरक्षण र सुविधा प्रदान गर्न सकिएमा नै राष्ट्रको समग्र विकास हुन सक्छ भन्ने धारणाको विकास भएको पाइन्छ। शिक्षा, भूमि एवम् पुँजी जस्ता स्रोतहरुमा समान अधिकार एवम् नियन्त्रण नभएका कारण महिलाहरु हरेक क्षेत्रमा पछाडि रहेका छन्। केही महिला बाहेक नेपालमा महिलाहरुको स्थिति अत्यन्तै कमजोर छ। उनीहरु पुरुषभन्दा धेरै पछाडि छन् भन्ने कुरा उनीहरुको शैक्षिक स्तर, राजनीतिमा भएको सहभागिता, सरकारी वा अन्य जुनसुकै क्षेत्रमा भएको सहभागिता, उच्च शैक्षिक संस्थामा छात्राहरुको संख्या आदि कुराहरुबाट प्रष्ट हुन्छ। प्रत्यक्ष वा परोक्षरुपमा महिलाहरु अहिले पनि शोषित छन्। नेपालबाट वर्षेनि हजारौं महिला भारतका विभिन्न शहरका कोठीहरुमा बिक्री हुने गरेका छन्। आफ्नो जीविकोपार्जनको कुनै आधार नभएको कारण बाध्य भई देहव्यापारमा लाग्नेहरुको संख्या पनि ठूलो छ।

महिलाहरुलाई विकासको मूल प्रवाहमा समाहित गर्ने, लैंगिक भेदभाव हटाई समानता प्रदान गर्ने, राजनीतिक क्षेत्र, शैक्षिक कार्य र अन्य विकासका कार्यहरुमा महिलाहरुको सशक्तीकरण गरी सम्पूर्ण क्षेत्रमा महिलालाई सहभागी गर्ने लक्ष्य राज्यले लिन आवश्यक छ। महिला र पुरुषबीच समानता कायम गर्न, पिछडिएका महिलाका उत्थानका लागि विशेष कानून बनाई अगाडि बढाउने भनिएता पनि महिलाहरुको उत्थानका लागि खासै विशेष किसिमको कानून बनाई प्रभावकारी रुपमा लागु भएको उदाहरणहरु पाइएका छैनन्। महिलाहरुलाई प्रकृतिले शारीरिकरुपमा अतिरिक्त जिम्मेवारी दिएको छ, त्यस्तैगरी कानूनले पनि संरक्षण दिन नसकी कमजोर बनाएको छ। विभिन्न कलकारखाना र उद्योगहरुमा पनि शुरु-शुरुमा महिलाहरुलाई निम्न स्तरको काममा लगाउने, पारिश्रमिक कम दिने गरिन्थ्यो। कुनै काम महिलाले गर्न सक्षम भए पनि महिलाले त्यस्ता काम गर्न हुँदैन भनी रोक्ने गरिन्थ्यो। आज पनि धेरै ठाउँमा त्यही परिस्थिति छ। यस्तो असमान स्थिति बदल्न आवश्यक छ।

पुरुषसरह श्रमिक महिलाहरुले समान ज्याला र सुविधाहरु पाउनुपर्ने, मतदानको अधिकार पाउनुपर्ने आदिजस्तो मुख्य मागहरु राखेर सदियौंदेखि नारीमाथि सामाजिक रीतिरिवाज, परम्पराको नाममा, धर्मको नाममा, जाति र वर्गको नाममा हुँदै आइरहेका विभिन्नखाले विभेदहरु, लैंगिक र अमानवीय दुर्व्यवहारहरुका बारेमा खुलेर संघर्षको यात्रालाई अघि बढाउने जस्ता साहसिक कार्यको थालनी भएको थियो ती अग्रज महिलाहरुबाट, जसको फलस्वरुप लैंगिक, सामाजिक, शैक्षिक, राजनीतिक, सांस्कृतिक, आर्थिक जस्ता विविध क्षेत्रहरुमा भएको शोषण, दमन र विभेदका विरुद्धमा आवाज बुलन्द गर्दै अघि बढेका थिए क्लारा जेट्किन, रोजा लक्जेम्बर्ग लगायतका नारीहरु। नेपालमा पनि साधना प्रधान, सहाना प्रधान, मंगलादेवी सिंह लगायतका वीरांगनाहरुको सश्रद्धा स्मरण गर्दै थप न्याय र अधिकारका लागि एकताबद्ध रुपमा अघि बढ्नु समयको माग हो। आजको अन्तर्राष्ट्रिय महिला दिवसले आजको पुस्तालाई महिला सशक्तीकरणका पक्षमा थप क्रियाशील हुन प्रेरणा दिन्छ।

*(उप्रेती कनकाई सुरुङ्गा प्रेस क्लबकी उपाध्यक्ष हुन्।)*

## ३४ संस्थालाई डस्टवीन

**अर्जुनधारा, फागुन २४।** झापाको अर्जुनधारा-८स्थित शनिश्चरे साना किसान कृषि सहकारी संस्था लिमिटेडले नगरभित्रका विभिन्न संस्थाहरुलाई डस्टवीन वितरण गरेको छ।

सामुदायिक उत्तरदायित्व बहन गर्दै साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड इलाका कार्यालय बिर्तामोडसँगको साझेदारी कार्यक्रममार्फत उक्त डस्टवीनहरु वितरण गरिएको अध्यक्ष भैरवबहादुर खड्काले बताए।

संस्था सञ्चालक समितिका अध्यक्ष खड्काको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथि नगर उपप्रमुख कमला खतिवडा आचार्यले प्राथमिक स्वास्थ्य केन्द्र शनिश्चरेका सिनियर अहेव डम्बरबल्लभ मिश्रलाई डस्टवीन हस्तान्तरण गर्दै कार्यक्रमको उद्घाटन गरेकी थिइन्।

वडा कार्यालय, स्वास्थ्य केन्द्र, विद्यालय, मन्दिरलगायतका ३४ वटा संस्थालाई ६२ हजार रुपैयाँ बराबरको ५० वटा डस्टवीन वितरण गरिएको संस्थाका प्रबन्धक भूमिनाथ बरालले जानकारी दिए।

कार्यक्रममा प्रमुख अतिथि नगर उपप्रमुख आचार्य, अर्जुनधारा-६का अध्यक्ष लोकनाथ गौतम, साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड इलाका कार्यालय बिर्तामोडका प्रबन्धक सुवास गौतम लगायतले मन्तव्यसहित संस्थाको उक्त कार्यको प्रशंसा गरेका थिए।

समितिका सदस्य भानु मिश्रले स्वागत गरेको कार्यक्रमको सञ्चालन प्रबन्धक बरालले गरेका थिए।

## डुबेर मृत्यु

**मोरङ, फागुन २४।** मोरङ बुढिगंगा-२ कि अढाइ वर्षीया नाबालिका भावना चौधरीको डुबेर मृत्यु भएको छ।

मोरङ सुनसरी सिँचाई योजना नहर नजिकै खेल्नेक्रममा एक्कासी लडेर नहरमा डुबेर घाइते भएकी भावनालाई आफन्तले उपचारार्थ बिराट मेडिकल कलेज लगेकोमा उनको उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

## चट्याङ लागेर मृत्यु

**संखुवासभा, फागुन २४।** संखुवासभा मकालु-५ मुढेलामाका ५७ वर्षीय निमा शेर्पाको चट्याङ लागेर मृत्यु भएको छ।

आफ्नै घरको आगनमा रहेका शेर्पालाई बर्षा, हावाहुरीसँगै आएको चट्याङले लाग्दा उनको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय संखुवासभाले जनाएको छ।


**पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ**

(हल ए) हिन्दी सिनेमा
पहिलो शो ११:४५ Baaghi-3
दोस्रो शो २:४५ Baaghi-3
तेस्रो शो ६:४५ Baaghi-3

(हल बी) नेपाली सिनेमा
पहिलो शो ११:४५ Baaghi-3
दोस्रो शो २:४५ Baaghi-3
तेस्रो शो ६:४० सुभव मंगल ज्यादा साधावन हिन्दी




बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ। (फोन नं. ०२३-५४६४३६)

**अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस्।**

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म। ०२:४५ सानो वर्दुसम्म।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इन्चार्ज सम्पर्क नम्बरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई

**उज्यालो यातायात प्रा.लि.**



९८६०३६२५३५
९८१४०८८९९६

बिर्तामोड, फिदिम, ताप्लेजुङ, हेटौडा, नारायणघाट, काठमाडौं, कोहलपुर, धनगढी, नेपालगञ्ज, महेन्द्रनगर, सुर्खेत, बाग्लुङ, भैरवा, पोखरा, बुटवल, लुम्बिनी, नेपालको जुनसुकै ठाउं जानको लागि सम्झनुहोस्।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**बिना अपरेशन सफल उपचार**

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार।



उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झमझमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

## वर्गीकृत विज्ञापन

**कर्मचारी आवश्यकता**

Math/English Teacher: ४ जना
Math/Seince Teacher: ४ जना
सहकारीको लागि महिला/पुरुष १० जना
कुक : ७ जना (बिर्तामोड, इलाम, काँकरभिट्टा)
वेटर : ११ जना (बिर्तामोड, इलाम, फिक्कल)
हाउसकिपिङ : ६ जना (बिर्तामोड, इलाम)
क्लिनर: ८ जना (बिर्तामोड, इलाम, काँकरभिट्टा)
घरमा काम गर्ने : ४ जना (महिला)

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

**टाटा सुमो गाडी भाडामा चाहिएमा**

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला।
मो.९८१५९५२४९९
९८४१३२१४६४

**घर बिक्रीमा**

अर्जुनधारा-११ बुट्टाबारी राजमार्ग उत्तर प्लटिङ्गमा रहेको १० १/२ धुर मा बनेको १ तले २ सटरसहित ६ कोटा भएको घर तु-बिक्रीमा छ।
सम्पर्कः ९८१००९१६८०
९८१६९५३९११

**सेक्यूरिटी गार्ड आवश्यकता**

झापाको झिलझिले, दमक, बिर्तामोड, काँकरभिट्टा एरियाका लागि २० जना महिला तथा पुरुष सेक्युरिटी गार्ड चाहियो। भूपू प्रहरी तथा सेनालाई ग्राह्यता।
तलब : आपसी समझदारीमा
*भरपर्दो सुरक्षा गार्ड सेवाका लागि सेक्टर वान सेक्युरिटी सर्भिस, बिर्तामोड झापालाई सम्झनुहोस्।*
सम्पर्कः ९८२४९८२२९६, ९८२३७३८६७१
(Email: kvvservices@gmail.com)

**आवश्यकता**

सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
*यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ।*
**सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**सेक्युरिटी गार्डको आवश्यकता**


पुरुष/महिला संख्याः २५
*सेक्युरिटी/फायर/फस्टएड सम्बन्धी फ्रि तालिम*
**इन्टर सर्भ सेक्यूरिटी ग्रुप प्रा.लि.**
*प्रधान कार्यालय अन्नपूर्ण चोक बिर्तामोड, झापा*
फोनः ०२३-५४५७८२, ९८०६०६१७००, ९८४४६८६९७०, ९८०६०७५६७८

**On Line Food Delivery**

बिर्तामोड मुक्तिचोकबाट ५ कि.मि. एरियाभित्र घर बसी-बसी खानाको आनन्द लिन मन भएमा हामीलाई सम्झनुहोस्। अनलाई वा फोनबाट अर्डर टिपाउन सकिनेछ।
सम्पर्कः ९८०७९३९०९७/९८४८५३३१३८
फेसबुक पेज : *Food station kankai road Birthamode*

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्र्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

**पत्रिका समयमा पाउनु भएको छैन ?**

मो. ९८०७९१०२२२ पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस्।




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** मेहनत गर्दा आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। श्रमको उचित मूल्यांकन हुनेछ। लाभांश बढ्ने।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** मध्याह्नपछि इर्ष्या गर्नेहरूले फसाउन सक्छन्। आफन्तहरू टाढिनेछन्। परिस्थितिवश फजुल खर्च बढ्न सक्छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** समयमा आलस्य गर्दा पछि धोका पाइनेछ। अर्थ संग्रहमा बाधा पुग्नेछ। लगनशील बन्दा नियमित काम सम्पादन हुनेछन्।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** चुनौतिपूर्ण काममा खटिनुपर्ने समय रहेकाले अलि सावधान रहनुपर्ला। जिम्मेवारी पनि बढिरहनेछन्।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ। मध्याह्नदेखि आयस्रोत बढ्नेछन्। अरूको मुख ताक्नाले काममा पछि परिनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** श्रमको उचित मूल्यांकन भए पनि प्रतिफल हातपार्न केही समय लाग्नेछ। लाभांश अरूका लागि खर्चनुपर्ने स्थिति आउन सक्छ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** चुनौतिहरू पन्छाउँदै चिताएको काम बनाउन सकिनेछ। रोकिएका काम सम्पादन हुनेछन् भने मेहनतले जिम्मेवारी पनि दिलाउनेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ। प्रतिक्षित नतिजाले उत्साह जगाउनेछ। समुदायको हितमा राम्रै काम गर्न सकिनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** किर्तिमानी काम गर्ने समय छ। सहयोगीहरूले पनि हिम्मत दिलाउनेछन्। व्यापारमा राम्रो फाइदा हुनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** अरूका लागि समय खर्चनुपर्ला। नयाँ काममा हात हाल्न केही समय पर्खनुहोला। परिस्थितिले चुनौतिहरू निम्त्याउला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** गोपनीयतामा विशेष ध्यान पुर्‍याउनुहोला, दिउँसोदेखि सहयोगीहरूले साथ दिनेछन् भने भाग्यले विभिन्न अवसर जुराउनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। दाम र प्रतिष्ठा कमाउने बेला छ। नयाँ जिम्मेवारी प्राप्त हुने सम्भावना छ।

# पन्तलाई इन्टरनेशनल कम्युनिकेशन एक्सलेन्स अवार्ड




**बिर्तामोड, फागुन २४।** सञ्चार विज्ञ तथा मिडिया शोधकर्ता लक्ष्मणदत्त पन्तले इन्टरनेशनल कम्युनिकेशन एक्सलेन्स अवार्ड पाएका छन् ।

भारतको बेङ्गलोरमा आयोजित १४औं ग्लोबल कम्युनिकेशन कनक्लेभमा पब्लिक रिलेसन काउन्सिल अफ इण्डियाले पन्तलाई सो अवार्ड प्रदान गरेको हो । विश्वभरिबाट भेला भएका सञ्चारकर्मी, जनसम्पर्क तथा मिडिया विज्ञहरुको सहभागितामा प्रदान गरिएको उक्त अवार्ड अन्तर्राष्ट्रिय सञ्चार क्षेत्रको उत्कृष्ट अवार्ड मानिन्छ ।

पन्तले सञ्चार, मिडिया विकास तथा अनुसन्धानका क्षेत्रमा अन्तराष्ट्रिय रुपमा पुऱ्याएको योगदानका लागि काउन्सिलले उक्त अवार्ड दिएको हो । बैतडीको दशरथचन्द नगरपालिका नागार्जुनमा जन्मेका पन्त विगत दुई दशकभन्दा बढी समयदेखि पत्रकारिता, मिडिया विकास र अभिव्यक्ति स्वतन्त्रताको संरक्षणमा काम गरिरहेका छन् ।

करिब एक दर्जन पुस्तकका लेखक, नेपाल, भारत, चीन, मलेशिया, श्रीलंका, बंगलादेश र फिनल्याण्डका विश्व विद्यालयहरुमा पत्रकारिता शिक्षण र सोधमा संलग्न पन्तका अन्तर्राष्ट्रिय जर्नलहरुमा मिडिया सम्बन्धी शोधमूलक लेखहरु समेत प्रकाशित भएका छन् ।

पन्त विश्व प्रसिद्ध एकेडेमिक प्रकाशन गृह आइजीआई ग्लोबलको मिडिया सिरिज पुस्तकहरुको सल्लाहकार सम्पादक समेत हुन्।

मानवअधिकार क्षेत्र तथा संयुक्त राष्ट्र संघका विभिन्न निकायमा एक दशक सञ्चार विज्ञ तथा सल्लाहकारका रुपमा सेवा प्रदान गरिसकेका पन्त हाल मिडिया एक्सन नेपालका अध्यक्ष एवं टिभी टुडेका वरिष्ठ सम्वाददाता हुन्। ११ वर्ष अघिदेखि विश्वव्यापी रुपमा प्रदान गरिंदै आएको उक्त अवार्ड पाउने पन्त पहिलो नेपाली हुन् ।

# अर्जुनधाराधामको ३१औं सभा




**अर्जुनधारा, फागुन २४।** अर्जुनधारा-७ स्थित अर्जुनधारा जलेश्वर धाम व्यवस्थापन समितिको ३१औं साधारण सभा सम्पन्न भएको छ ।

समितिका अध्यक्ष नवीन गट्टानीको अध्यक्षता र अर्जुनधरा नगरपालिकाकी उपप्रमुख कमला खतिवडा आचार्यको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा स्वागत मन्तव्य उपाध्यक्ष भीमचन्द्र भट्टराईले राखेका थिए ।

कार्यक्रममा अध्यक्ष गट्टानीले संस्थाको प्रगति प्रतिवेदन र कोषाध्यक्ष मनोज जोशीले आर्थिक प्रतिवेदन गरेका थिए । प्रस्तुत प्रतिवेदन अनुसार गत आर्थिक वर्ष २०७५/०७६ को जम्मा आम्दानी एक करोड ५१ लाख ८८ हजार सात सय ७५ रुपैयाँ १० पैसा, जम्मा खर्च एक करोड ४१ लाख ५४ हजार दुई सय ३६ रुपैयाँ १२ पैसा र जम्मा बचत १० लाख ३४ हजार पाँच सय ३८ रुपैयाँ ९८ पैसा रहेको छ ।

त्यस्तै चालू आर्थिक वर्ष २०७६/०७७ को पुस मसान्तसम्मको जम्मा आम्दानी ७३ लाख दुई हजार एक सय ९२ रुपैयाँ १६ पैसा र जम्मा खर्च ९४ लाख २२ हजार चार सय ४७ रुपैयाँ रहेको छ । प्रमुख अतिथि उपप्रमुख आचार्य, पूर्व सामान्य प्रशासन मन्त्री केशवकुमार बुढाथोकी, धामका सल्लाहकार उद्धव थापा, आजीवन सदस्य सरस्वती सिटौला गोले लगायतले शुभकामना मन्तव्य व्यक्त गरेको कार्यक्रमको सञ्चालन धामका मूलअर्चक अग्निप्रसाद सिग्देलले गरेका थिए ।

# कचनकवलमा एम्बुलेन्स सेवा




**भद्रपुर, फागुन २४।** दक्षिणी झापाको कचनकवल गाउँपालिकाका बिरामीको सेवासुविधालाई मध्यनजर गरी एम्बुलेन्स सेवा सञ्चालनमा ल्याइएको छ ।

कचनकवल-६ स्थित प्राथमिक स्वास्थ्य केन्द्र बनियानीमा रहने गरी भित्र्याइएको एम्बुलेन्स सेवाको कार्यक्रमको आयोजना गरी सेवा शुभारम्भ गरेको हो । गाउँपालिकाका अध्यक्ष अञ्जार आलमले एम्बुलेन्सको सेवाको उद्घाटन गरेका हुन् । कचनकवल गाउँपालिका र अन्तर्राष्ट्रिय झापाली समाजको संयुक्त १० लाख रुपैयाँको लगानीमा गाउँपालिकामा नयाँ एम्बुलेन्स भित्र्याइएको हो ।

गाउँपालिकामा स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने उद्देश्यले नयाँ एम्बुलेन्स भित्र्याइएको गाउँपालिका अध्यक्ष आलमले बताए । प्रदेश १ ०१ ००१ झ २०३ नम्बरको एम्बुलेन्स गाउँपालिकाको स्वास्थ्य शाखाको नीति बमोजिम सञ्चालन हुने बताइएको छ ।

गाउँपालिका भरी एम्बुलेन्सले सेवाग्राहीबाट पाँच सय रुपैयाँ लिने र जिल्लाभरि प्रति किलोमिटर ग्राभेल सडकमा २५ रुपैयाँ र कालोपत्रे सडकमा २२ रुपैयाँ लिने दररेट गाउँपालिकाले तोकिसकेको छ । जिल्ला बाहिर प्रति किलोमिटर १८ र पहाडी जिल्लामा प्रति किलोमिटर ५० रुपैयाँ तोकिएको गाउँपालिकाका कर्मचारी विकास घिमिरेले जानकारी दिए ।

## फरार अभियुक्त पक्राउ

**ताप्लेजुङ, फागुन २४।** जिल्ला अदालत ताप्लेजुङको २०७६ जेठ २६ गतेको फैसलाले कर्तव्य ज्यान मुद्दामा २० वर्ष कैद सजाय ठहर भई फरार रहेका अभियुक्त मैवाखोला गाउँपालिका-१ बस्ने प्रकाश तामाङलाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय ताप्लेजुङबाट गएको प्रहरीले इलाका प्रहरी कार्यालय दमकको समन्वयमा तामाङलाई दमक नगरपालिका-२ गुम्वाचोकबाट पक्राउ गरेको हो ।

तामाङलाई आवश्यक कारवाहीको लागी शुक्रबार जिल्ला अदालत ताप्लेजुङ उपस्थित गरिएकोमा अदालतको आदेशले कैद भुक्तानको लागि जिल्ला कारगार ताप्लेजुङ चालन गरिएको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङले जनाएको छ ।


**बिर्तामोड नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

**कोरोनाको संक्रमणबाट बाँच्न सचेतना अपनाऔं**

- साथीभाइसँग हात नमिलाऔं, त्यसको सट्टा नमस्कार गरौं ।
- साबुन पानीले पटक-पटक हात धुऔं
- कसैसँग अंकमाल नगरौं, ज्वरो-खोकी लागेको मान्छेसँग नसुतौं
- अनावश्यक भीडभाडमा नजाऔं
- झ्याल ढोका बन्द गरेर सानो कोठामा धेरैजना नबसौं ।
- जंगली जनावरलाई नछुऔं, बिरामी घरपालुवा जनावरको पनि सम्पर्कमा नजाऔं ।
- सर्जिकल मास्कको प्रयोग गरौं, कपडाको मास्कले प्रदुषण मात्रै रोक्छ ।
- कोरोनाको बिरामी भेट्न जान लागेको हो भने एन-९५ मास्क नै लगाउनुपर्छ ।
- खोकी, ज्वरो र श्वास फेर्न गाह्रो भएको छ भने चेक गर्न जाऔं ।

बिर्तामोड नगरपालिका


**भूमिसुधार कार्यालय भद्रपुर, झापाको**

## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| पदमा देवी पौडेल समेत | तोपगाछी-२ | १७३१ | १-९-० | डम्बरबहादुर बस्नेत क्षेत्री<br>बलबहादुर मगर |
| रत्नकुमारी चौधरी समेत | तोपगाछी-२ | ३३९२ | ०-२-१२ | बद्रीबहादुर कार्की दुधामुनि |
| धनसरी राजवंशी | पथरिया-३ | ५८८ | ५०७.९४ | दुलप राजवंशी/कलमप्रसाद राजवंशी |
| धनसरी राजवंशी | पथरिया-३ | ५०८ | १५७०.०० | चिउराकुटी राजवंशी |
| धनसरी राजवंशी | पथरिया-३ | ४६६ | ३७४.०० | दधी/दधीलाल राजवंशी |
| अग्नी दनुवार | पाराखोपी-५ | १९९७ | ०-८-० | बक्षलाल/बुद्धलाल दनुवार |
| उषा राजवंशी | पाराखोपी-७ | ४९७ | ०-१-० | भदैया/भदिया दनुवार |
| सन्तोषकुमार खरेल | पाराखोपी-६ | २४९ | ०-१-८ | पहाडी युवराज<br>पहाडिया राजवंशी |


सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
बिर्तामोड, झापा
सम्पर्क **राजकुमार श्रेष्ठ**
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्याङ्कीबाट सफाई गरिन्छ ।

**'गुणस्तरीय सामान गणपतिको पहिचान'**

ब्राण्डेड कम्पनीको **स्टील रेलिङ, आल्मुनियमका झ्याल, ढोका, बाथरुमका ग्यारेन्टी ढोका, रेडिमेड भित्री ढोका,** AEP Design, **ग्लेजिङ (कम्प्लेकसमा सिसा), अफिस पार्टिसन, फल्स सिलिङ्ग, मोडुलर किचन** र सिटिङ्गहल डेकोरेसन साथै **ट्रस**को काम पनि गरिन्छ ।

**गणपति स्टील एण्ड आल्मुनियम हाउस**
प्रो. गोपाल सिटौला
९८५२६७१४२२, ९८१६००६३७३

**सम्पर्क**
सुरुङ्गा, भगवानचोक
बिर्तामोड र गरामनी झापा
९८२४९७३५३६ – पदम
९८१४०५२६०१ – राम



**UAE को आबुधावीमा PSBD सेक्युरेटी गार्डको आवशकता**

Securiguard Middle East — Abu Dhabi, UAE

पुर्व स्वीकृति मिति : 2019/11/17 पुर्न विज्ञापन स्वीकृति मिति : २०७६/११/२० चलानी नं : ८४७ Lt No : 227241

| कामदारको पद | माग संख्या | न्युनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाइम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Security Guards (Male) | 292 | काममा अनुभव | 2000 | ६३०००।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

नोट:
१) बेसिक सेलरी २००० दिराम भएता पनि ओभर टाईम र एलाउन्स गरी २७७० दिराम सम्म हुनेछ ।
२) कम्तिमा SLC पास गरी अङ्ग्रेजी राम्रो बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ । उचाईको हकमा ५ फुट ६ ईन्च भन्दा माथि हुनुपर्नेछ ।
३) फाईनल अन्तरवार्ता दिन आउदा सक्कल राहदानी, अनुभव र शैक्षिक योग्यताका प्रमाणपत्रहरु साथमा लिएर आउनुपर्नेछ ।

फाईनल अन्तरवार्ता सम्बधित कम्पनिको प्रतिनिधिबाट चैत ९ गते बिर्तामोडको होटल होलिड होममा हुनेछ ।
भिषा Approval रेडी भएकोले १५ दिनमा प्राप्त हुनेछ ।

**सनलाइट ह्युमन रिसोर्स प्रा.लि**
सामाखुसी, काठमाडौं, नेपाल फोन नं. ०१- ४३८४३०
मो. नं. ९८०१०३३९७४/९८०१०३३७७/९८०१०२३८१३
९८०१०३३९७०,९८१९०३७३७०, ९८०१४०८२८३



**होली मिलन कार्यक्रम स्थगितबारे सूचना**

महामारी रोग कोरोना भाइरसका कारण र जिल्ला प्रशासन कार्यालयको आदेश अनुसार होली मिलन कार्यक्रम गर्ने रोक लगाएको हुँदा यही मिति २०७६/११/२६ गते सोमबारको दिन संस्थाले आयोजना गरेको होली मिलन कार्यक्रम हाललाई स्थगित गरिएको सम्पूर्ण व्यवसायी, कर्मचारी, आफन्तजनमा जानकारी गराउँदछौं । यसबाट पर्न जाने असुविधाप्रति क्षमाप्राथी छौं । *पुनश्चः समय अनुकूल भएपछि फेरि कार्यक्रम गर्ने जानकारी गराउँदछौं ।*

आयोजक :
समाल ग्रुप प्रा.लि.+अबलक्ष्मी ग्रुप प्रा.लि.
एल.बि. समाल (राजु)/बिशाल निरौला


## दमकमा म्याथम्याटिक्स ओलम्पियाड

**झापा, फागुन २४।** झापाको दमकमा म्याथम्याटिक्स ओलम्पियाड प्रतियोगिता सम्पन्न भएको छ । दमक-४स्थित पूर्वाञ्चल इङ्लिस स्कूलको आयोजना तथा बाल क्लबको सहकार्यमा भएको प्रतियोगितामा दमकका विभिन्न विद्यालयका ४५ जना विद्यार्थीको सहभागिता रहेको थियो ।

मावि र निमावि दुई चरणमा भएको प्रतियोगितामा मावि तर्फ प्रथम आशिष अधिकारी, द्वितीय निकिषा पराजुली र तृतीय प्रवेश काफ्ले भएका थिए ।

त्यस्तै निमावितर्फ प्रथम कविर कटुवाल, द्वितीय रुपल पाण्डे, तृतीय समिर पौडेल र सलोन नेपाल भएका थिए । पूर्वाञ्चल इङ्लिस स्कूलका निर्देशक प्रवीन पाठकको अध्यक्षता तथा म अघि बढ्छु कार्यक्रमका झापा संयोजक डम्बर अधिकारीको प्रमुख आतिथ्यमा भएको कार्यक्रमको सहजीकरण शिक्षक विवश थापाले गरेका थिए ।

प्रतियोगिताका बिजेता बिद्यार्थीहरुलाई पुरस्कार समेत वितरण गरेको कार्यक्रमको सञ्चालन शिक्षक सुरज बुढाथोकीले गरेका थिए ।


**UAE को राजधानी अबुधावीका लागि नेपाली ट्याक्सी ड्राइभरहरुलाई रोजगारको सुवर्ण अवसर**

नेपाली लाइसेन्स हुनेलाई युएईको लाइसेन्स ग्यारेन्टी गरिनेछ ।

कम्पनी : BAKEMART L. L. C. — शहर : DUBAI

पूर्व स्वीकृति मितिः २०७६/०३/१८ चलानी नं. ६०१४१४३९ लट नं. २२१७७९

| पद | संख्या | तलब | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|
| Helper | ८० | 800/- AED | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |

नोटः युएईको No 1 ARABIA TAXI L.L.C. ABUDHABI कम्पनीको लागि २०० जना नेपाली ट्याक्सी ड्राइभरहरुको माग भई आएको छ । तलब ८०० बेसिक+कमिशन गरी ४७००DHS सम्म कमाइ गर्न सकिने हुँदा जान इच्छुकले तु-सम्पर्क गर्नुहोला । उमेरको हकमा १९ वर्षदेखि माथि ४५ वर्षसम्मको हुनुपर्नेछ । अंग्रेजी सामान्य लेख्न, बोल्न सक्ने हुनुपर्नेछ ।

फाइनल अन्तरवार्ता चैत ३ गते सोमबार बिर्तामोडमा हुनेछ ।

**सगुन ओभरसिज सर्भिसेज प्रा.लि.**
श्रम इजाजत नं. ३९६/०६०/०६१
पो.ब.नं. ३२३, डिल्लीबजार, कालिस्थान-३२ (फोनः ९८०८०७४५९८, ९८०३०७४४३९)



**आज फाइनल अन्तरवार्ता**

Free Visa ! Free Ticket ! Free Levy ! Free Medical ! Free Accommodation ! Free Transportation ! Free Photo ! Free Passport ! Free Insurance ! Free Orentiation ! Free ISC ! Free Service Charge !

(Zero Cost) सहित Malaysia मा रोजगार

कम्पनी : TOP GLOVE SDN BHD, MALAYSIA

पूर्व स्वीकृति मितिः २०७६/११/१८ चलानी नं. ६०१४८५५१७ लट नं. २३४१५८

| पद | संख्या | तलब | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|
| Facrory Worker | ५० | 1200/- RM | छैन/छ | कनिअ | ८ घण्टा ६ दिन | २ बर्ष |

अन्तरवार्ता २५ गते आइतबार सेन्टर पोइन्ट पाटी प्यालेसमा हुनेछ ।

**ट्रेन्डवे इन्टरनेशनल प्रा.लि.**
TRENDWAY INTERNATIONAL PVT. LTD.
ट्रेन्डवे हाउस, पानीपोखरी फोनः ४००२६४६, ४००२६४७
प्रदेश नं. १ बिर्तामोड फोनः ०२३-५४०९९९, ९८१४०३३९९९, ९८१४९८१९९९, ९८०५३६५३०३

# कनकाईमा गंगा आरती



□ विनोद पाण्डे

**चारपाने, फागुन २४।** झापाको पवित्र धार्मिक नदी कनकाई माई पूर्वीतटमा कनकाई माई गंगा आरती गरिएको छ।

धार्मिक पर्यटन प्रवर्द्धन र वातावण संरक्षण र शुद्धीकरण गर्ने अभियान अनुसार कनकाई माई गंगा आरती गरिएको आयोजक संस्था ग्लोवल मल्टी कल्चर अर्गनाईजेशन नेपालका अध्यक्ष लक्ष्मीप्रसाद बुढाथोकीले बताएका छन्।

पशुपतिनाथ मन्दिर बाग्मती तटका १३ बर्षअघि बाग्मती गंगा आरती शुरु गराएर हालसम्म दैनिक आरती हुँदै आएको र कनकाईमा पनि समय मिलाएर नियमित आरती सञ्चालन गरेर कनकाईमा धार्मिक पर्यटक भित्र्याउन सकिने अध्यक्ष बुढाथोकीले बताए। उनले मानिसको मन र वातावरण शुद्धीकरण गर्न आरतीले महत्वपूर्ण भूमिका खेल्ने धारणा व्यक्त गरे।

कनकाई उद्योग वाणिज्य संघ सुरुङ्गाको व्यवस्थापन, कनकाई नगरपालिका र कनकाई धाम धार्मिक विकास संस्था कोटीहोम संरक्षक रहने गरी शुरु गरिएको आरतीमा पाँच जना धार्मिक कलाकारहरुले गंगा आरती गरेका थिए। आरतीमा धुप, वाती, कपुरद्वारा द्वीप प्रज्ज्वलित गरिएको थियो।

संध्या गंगा आरती शुभारम्भ कार्यक्रमका प्रमुख अतिथि प्रदेश सांसद हिराकुमार थापा, नेपालकी पहिलो महिला शंकराचार्य हेमानन्द गिरी, स्वामी भागवताचार्य, नेपाली कांग्रेसका नेता देउकुमार थेवे, बिर्तामोड नगर प्रमुख ध्रुबकुमार शिवाकोटी, कनकाई नगर उपप्रमुख मञ्जु प्रसाई, बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराई लगायतले कनकाई गंगा आरती शुरुवात हुनु कनकाईको मात्र नभएर आम झापावासीको लागि गौरवको कुरा भएको बताए।

कनकाई गंगा आरतीलाई निरन्तता दिन चुनौति भए पनि धर्म संस्कृतिको संरक्षण सँगै सामाजलाई आर्थिक उन्नतीको मार्गमा डोहोऱ्याउने काम गर्नु सबैको दायित्व भएकोले कनकाईका सबै संघ-संस्था नागरिक समाजले गंगा आरती सञ्चालनको लागि दिगो आर्थिक व्यवस्थापन जुटाउन लाग्नु पर्ने कनकाई उद्योग वाणिज्य संघका अध्यक्ष त्रिलोचन चिमरियाले बताए।

कार्यक्रमा वरिष्ठ भजन गायक धर्म दास बुढाथोकीले भजन प्रस्तुत गरेर उपस्थित दुई हजारभन्दा बढीलाई मन्त्रमुग्ध गराएका थिए। कार्यक्रमको सञ्चालन कनकाई उद्योग वाणिज्य संघका महासचिव तुलसी विमलीले गरेका थिए।

# हरिशलाई अन्तर्राष्ट्रिय बुद्धिचालको उपाधि

□ लक्ष्मी उप्रेती

**काँकरभिट्टा, फागुन २४।** झापाको मेचीनगरमा सम्पन्न पीवी थापा स्मृति केसीसी अन्तर्राष्ट्रिय बुद्धिचाल प्रतियोगिताको उपाधि भारतीय खेलाडी हरिश शर्माले जितेका छन्।

प्रतियोगिताको फाइनल चरणको खेलमा भारतका २०९५ रेटेड खेलाडी हरिश शर्माले उपाधि जितेसँगै नगद ६० हजार रुपैयाँसहित ट्रफी हात पारेका छन्। काँकरभिट्टा खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको सभाहलमा भएको खेलमा शर्मा साढे आठ अंकसहित च्याम्पियन बनेका हुन्। नवौं चरणसम्म भएको खेलमा शर्माले आठौं चरणसम्म जीत दर्ता गरे पनि उनले फाइनल चरणको खेलमा हरिशले भारतकै राकेश गुरुङसँग बराबरी खेलेका थिए।

आठौं चरणसम्मको खेलमा जीत हात पारेका हरिशलाई नवौं चरणको खेलमा हराउन राकेशले निकै मिहिनत गरेका थिए। सेतो गोटी लिएर राकेशले खेलको ४८औं चालमा घोडा फाइदा गरे। जसले गर्दा हरिश दबाबमा परेका थिए। दबाबमा परे पनि संयमित खेलेका हरिशले आक्रामक खेलेका राकेशको हरेक चाललाई विफल पार्दै लगे र ७७औं चालमा राकेशलाई हात्ती बलिदान गर्न बाध्य बनाए। अन्ततः ८०औं चालमा खेल बराबरीमा रोके।




त्यसैगरी, भारतकै रिशव निशाद र राकेश गुरुङ दोस्रो र तेस्रो भए। रिशवले नवौं चरणको खेलमा भारतकै कुमार गौरवसँग बराबरी खेलेका थिए। दुवैको समान साढे सात अंक भएता पनि बुकोहम टाइब्रेकरको आधारमा रिवले दोस्रो स्थान हात पारे। रिशवले ४० हजार पाउँदा राकेशले २५ हजार नगद हात पारे।

प्रतियोगितामा नेपालका कृष्ण थापाले चौथो स्थान प्राप्त गरेका थिए। उनले नगद १८ हजार रुपैयाँ पुरस्कार पाए। त्यस्तै, भारतका किरण साइ, कुमार गौरव, राघव श्रीवास्तव, प्रशान्त करिया क्रमशः पाँचौ, छैठौं, सातौं र आठौं स्थानमा रहे भने नेपालका सुमन राई नवौं र भारतका सम्भ्रांत गोयल दशौं स्थानमा रहे।

त्यस्तै बीसौं स्थानसम्मका खेलाडीलाई आयोजकले नगद पुरस्कारको व्यवस्था गरेको प्रतियोगितामा पूर्व नेपाल च्याम्पियन नवीन तण्डुकार भेट्रानतर्फ उत्कृष्ट ठहरिए। महिलातर्फ भारतका स्नेहा हल्डेर प्रथम भइन्। झापाका सुमन श्रेष्ठले प्रदेशतर्फ पहिलो स्थान हात पर्दा राजन सुवेदी झापा जिल्ला उत्कृष्ट ठहरिए।

प्रतियोगिता आयोजक नाइट चेस क्लब काँकरभिट्टाका अध्यक्ष राजु कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा मेचीनगर नगरपालिकाकी उपप्रमुख मीना पोखरेल उप्रेती विशिष्ट अतिथि संविधान सभा सदस्य उषा गुरुङ, नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सदस्य सुभद्रा भट्टराई अर्याल लगायतले विजेता खेलाडीहरुलाई पुरस्कार प्रदान गरेका थिए।

फागुन २० गतेदेखि शुरु भएको प्रतियोगितामा नेपाल, भारत र बंगलादेशका एक सय ३२ जना खेलाडीले सहभागिता जनाएका थिए। प्रतियोगितामा सबैभन्दा बढी ८० वर्षका राजस्थानका आरके गुप्ताले पनि प्रतिस्पर्धा गरेका थिए। क्लबका महासचिव अशोक राईले सञ्चालन र प्रथम उपाध्यक्ष सुरेन्द्र बुडाथोकीले स्वागत गरेको कार्यक्रममा प्रमुख अतिथि उप्रेती, विशिष्ट अतिथि गुरुङ, विजेता खेलाडी हरिश शर्माले लगायतले मन्तव्य व्यक्त गरेका थिए।

# लडेर दुई जनाको मृत्यु

**ओखलढुंगा, फागुन २४।** ओखलढुंगा खिजिदेम्बा-४ खिजिकाती बस्ने ६० बर्षीय चेकप्रसाद भट्टराईको लडेर मृत्यु भएको छ। घर नजिकै घाँस काट्न जादै गरेको अवस्थामा एक्कासी भीरबाट लड्दा उनको घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय खिजिफलाटेले जनाएको छ।

त्यसैगरी भारत पुरनिया दुस्मार-५ बस्ने ५३ बर्षीय मोहम्मद हसनको लडेर मृत्यु भएको छ। ओखलढुंगा लिखु-६ गाम्नाङटारमा रहेको ग्रामोदय माध्यमिक बिद्यालयको निर्माणाधिन भवनमा काम गर्दै आएका भारतीय नागरिक हसने ट्वाइलेटमा लडेर घाइते भएकोमा उनको उपचारको क्रममा सामुदायिक अस्पताल मन्थली रामेछापमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय ओखलढुंगाले जनाएको छ।

# मेची क्याम्पसलाई गुणस्तर प्रमाण पत्र

**भद्रपुर, फागुन २४।** भद्रपुरमा रहेको मेची बहुमुखी क्याम्पसले गुणस्तर प्रमाण पत्र अर्थात् क्युएए पाएको छ। विगत एक दशकदेखि विकेन्द्रीकरण हुँदै तीन बर्षअघि स्वायत्तमा गएको मेची बहुमुखी क्याम्पसलाई विश्वविद्यालय अनुदान आयोगको कार्यालय सानोठिमी भक्तपुरमा आयोजित कार्यक्रममा गुणस्तर प्रमाणपत्र क्युएए प्रदान गरिएको हो।

आयोगका अध्यक्ष प्रा.डा.भीम सुवेदीले क्याम्पस प्रमुख कमल गुरागाईंलाई उक्त प्रमाणपत्र हस्तान्तरण गरेका थिए। क्याम्पस प्रमुख गुरागाईले क्याम्पसमा कार्यरत सबै प्राध्यापक, कर्मचारी, विद्यार्थी, व्यवस्थापन समिति र पूर्ववर्ती क्याम्पस प्रमुखहरुको पनि सहयोग र सद्भावले क्याम्पसले गुणस्तर प्रमाणपत्र पाएकोमा सबैलाई बधाई तथा धन्यवाद दिएका थिए।

वि.सं.२०२१ सालमा स्थापित यस क्याम्पसमा हाल मानविकी, व्यवस्थापन, विज्ञान विषय, पाँच वटा विषयमा स्नातकोत्तर कक्षाका साथै बीबीए, बीसीए, बीएसस्सी, सिएस आइटि र विएस डल्यु विषयमा स्नातक तहको पठनपाठन हुने गरेको बताइएको छ।

पठनपाठन, उत्तीर्ण प्रतिशत, पर्याप्त भौतिक सुविधा, पुस्तकालयमा आवश्यकीय पर्याप्त पुस्तक र ई-लाइब्रेरी, योग्य शिक्षक, राम्रो व्यवस्थापन आदिका आधारमा अयोगको क्युएए काउन्सिलको सिफारिसमा कुनै पनि शैक्षिक प्रतिष्ठानलाई विश्वविद्यालय अनुदान आयोगले गुणस्तर प्रमाणपत्र प्रदान गर्ने गरेको छ।

त्यसैगरी ललितपुरको पुल्चोक क्याम्पस र काठमाडौंको बर्नहार्ट क्याम्पसले पनि गुणस्तर प्रमाणपत्र पएका छन्। क्युएए प्रमाणपत्र पाएपछि विश्वमै यस क्याम्पसबाट उत्तीर्ण हुने विद्यार्थीको महत्व बढी हुने बताइएको।

क्युएए प्रमाण पत्र पाँच बर्षका लागि दिइएको र पाँच बर्षपछि क्याम्पसले अहिलेको सुविधा र व्यवस्था कायम राख्न सकेमा नवीकरण हुनेछ भने नसकेमा उक्त प्रमाणपत्र खोसिने बताइएको छ।

# मेची क्राउनमा विद्यार्थीको आकर्षण



**बिर्तामोड, फागुन २४।** झापा धुलाबारीमा रहेको पाँच तारे होटल मेची क्राउनमा होटलमा म्यानेजमेन्टमा अध्यनरत् बिद्यार्थीको आकर्षण बढेको छ।

उक्त होटलमा पूर्वका होटल म्यानेजमेन्ट बिषय अध्ययन गराउने बिभिन्न कलेजहरुले बिद्यार्थीहरुलाई भ्रमणको लागि लैजान थालेका हुन्। पूर्वमा पाँच तारे होटल सञ्चालन नहुँदाको अवस्थामा यहाँका कलेजहरुले काठमाडौं, पोखरा र भारतसम्म बिद्यार्थी भ्रमणका लागि लाने गर्दथे। अहिले भने मेची क्राउन एचएम सम्बन्धी बिद्यार्थीहरुको लागि अध्ययन भ्रमण र इन्ट्रनसिपको उपयुक्त थलो बनेको छ।

होटल म्यानेजमेन्ट बिषयको फ्रन्ट अफिस, हाउस किपिङ्ग, फुड एण्ड वेभरेज र फुड प्रोडक्सन सर्भिसको प्रयोगात्मक सिकाइ र अध्ययनको लागि बिद्यार्थीहरुलाई होटल लैजाने गरेकोमा मेची क्राउनमा अहिले हप्ताको दुईवटा कलेजहरुले बिद्यार्थी भ्रमणका लागि ल्याउने गरेको होटलका प्रबन्धक नितेश पोखरेलले बताए।

पाँच तारे होटलको व्यवस्थापन र खानपानको बिषयमा बिद्यार्थीहरुलाई जानकारी गराउन पाउँदा होटलको प्रचार सँगै उनीहरुको सिकाइ राम्रो हुने पोखरेलले बताए।

एचएम अध्ययन सकेपछि त्यही बिद्यार्थीहरुले होटलमा रोजगारको अवसर पनि पाउने होटलको योजना रहेको पोखरेलले बताए। पछिल्लो समय होटल म्यानेजमेन्टमा विद्यार्थीको आकर्षण बढेको र पूर्वमा सञ्चालित कलेजका बिद्यार्थीहरु होटलमा नै काम गर्ने भएकाले पनि मेची क्राउन सबैको रोजाइ बनेको उनले बताए।

दि पिक म्यानेजमेन्ट प्रालिबाट सञ्चालित मेची क्राउनले एचएम अध्ययन गर्ने बिद्यार्थी तथा कलेजहरुसँग सदैव सहकार्य गर्ने पिकका अध्यक्ष दीपक लेखकले बताए। अहिलेसम्म बिभिन्न स्थानका पाँच वटा कलेजले होटलमा अध्ययन भ्रमण गराइसकेको समेत उनले जानकारी दिए। बिर्तामोडमा रहेको इर्स्टन इम्पायर कलेज अफ होटल मेनेजमेन्टका सञ्चालक आलोक कार्कीले मेची क्राउन बिद्यार्थीका लागि इन्ट्रनसिप र भ्रमणको लागि उपयुक्त थलो बनेको बताए।

उनले बिद्यार्थीका लागि पाँच तारे होटलको व्यवस्थापन र खानपान सम्बन्धी अध्ययन भ्रमण सम्बन्धी कोर्ष नै हुने गरेको र पाँच तारे सुबिधाको होटल नहुँदा हामीले बिद्यार्थीलाई काठमाडौं, पोखरादेखि भारतसम्म लानुपर्ने बाध्यता भएको बताए। मेची क्राउनको सञ्चालनले त्यस्तो बाध्यता हटेको बताउँदै उनले एचएम पढ्ने बिद्यार्थीको करियर र क्षमतालाई थप निखार्ने अवसर प्राप्त भएको जानकारी दिए।

उक्त कलेजले आफ्ना ९० जना बिद्यार्थीलाई होटलको अध्ययन भ्रमण गराएको र भ्रमणमा सहभागी बिद्यार्थीहरु पाँच तारे होटल मेची क्राउनको अध्ययन भ्रमण गर्न पाउँदा निकै उत्साहित बनेको कार्कीले बताए।

डेढ अर्ब लगानीमा निर्माण भएको मेची क्राउन आगामी बैशाखदेखि सञ्चालनमा आउने अन्तिम तयारीमा छ। मेची क्राउन होटलको व्यवस्थापन पहिलो नेपाली कम्पनी 'दी पिक हस्पिटालिटी'ले लिएको बताइएको छ।

## नाट्य क्षेत्रका विकल्प

# टंक विकल्प



झापाली साहित्य र नाटक विधाले नबिर्सने नाम हो- टंक काफ्ले (विकल्प)। आमा पद्मादेवी र बुबा जगन्नाथ (विष्णुभक्त) काफ्लेको काइलो सन्तानको रुपमा जन्मिएका विकल्प झापाली साहित्यका एक चम्किलो नक्षत्रको रुपमा रहेका छन्। सानो चेडा हँसिलो अनुहार अनि के युवा के वृद्धा सबैसँग एकैछिनमा घुलमिल हुन सक्ने क्षमता भएका विकल्प नाटक क्षेत्रमा बहुप्रतिभाको धनीका रुपमा रहेका छन्। पाँचथरको सुभाङमा जन्मिएका विकल्पको बाल्य अवस्था भने झापाको बुद्धशान्ति-१ होक्सेमा बित्यो। ५८ वर्ष उमेरका किल्प अहिले पनि २८ वर्षे युवा झैं कला र साहित्यिमा अब्बलरुपमा प्रस्तुत हुने गरेका छन्।

बुबाले हजुरबुबाको श्राद्ध गर्नका लागि पिण्ड चढाउने चामल नपाउँदा झापा झारिएका काफ्ले परिवार अहिले सम्पन्न परिवारको रुपमा चिनिने गरेको छ। बिएसम्मको अध्ययन गरेका विकल्पले बुद्धशान्तिमा नै रहेको बुद्धआर्दश माविबाट एसएलसी उत्तिर्ण गरेका हुन्। सानै उमेरदेखि साहित्य सिर्जनामा रुची राख्ने विकल्पले हाम्रो देश विशाल शीर्षकको पहिलो कविता रचना गरेका थिए। आमाले छोराछोरीलाई शिक्षित बनाउनुपर्छ भन्ने सोच र बुबाको दृढ इच्छाशक्ति कै कारण आज विकल्पको परिचय दिन पाएको भन्दै उनले आमाबुवा भगवानभन्दा माथि भएको उल्लेख गरे।

सानो छँदा फुटबल खेलमा औधी रुची राख्ने विकल्पले पहिलो पटक २०३१ सालमा तत्कालीन राजा वीरेन्द्रको शुभराज्यभिषेकको अवसरमा नाटक प्रहसन गरेका थिए। लिम्बू संस्कृतिको उनको त्यो प्रस्तुति निकै चर्चामा आएको थियो। कक्षा ७ मा पढ्दादेखि नै नाटकमा अभिनय गर्न शुरु गरेका विकल्प नाटक अन्तर्गत सडक, रेडियो, मञ्च सबैतिर एकछत्ररुपमा प्रस्तुत भएका छन्। छ दर्जन जति गजल, एक दर्जनभन्दा धेरै भजन, तीन दर्जन निबन्ध र सयभन्दा बढी नाटक सिर्जना गरेका विकल्प झापाली साहित्यका एक मुर्धन्य व्यक्ति हुन्। केन्द्रमा बसेर सिर्जना गर्ने र मोफसलमा बसेर सिर्जना गर्ने व्यक्तिमा ठूलो र सानो भन्ने भेद रहनुहुन्न भन्ने व्यक्तिगत ठम्याइ राख्ने विकल्पले आफ्नो कर्मभूमिलाई कहिले पनि छाडेनन्। नाटकमा सबैको रोजाइको पात्रको रुपमा रहेका विकल्पले कृतिका रुपमा भने घडीका सुइरा नामक नाटक संग्रह मात्र प्रकाशित गरेका छन्।

साहित्य कै दृश्यकाव्य विधा ठानिने नाटक आफ्नो प्रिय विधा उनी बताउँछन्। 'नाट्यश्वरीको बरदान पाएर होला सायद हालसम्म रङ्गमञ्चीय नाटक, रेडियो नाटक र सडक नाटक गरी झण्डै दुई सय पचासभन्दा बढी नाटकहरूमा अभिनय, करिब दुई सयभन्दा बढीका नाटकमा निर्देशन, सानो तथा ठूलो पर्दाका डेढ दर्जन चलचित्रमा अभिनय गर्ने र केहीमा निर्देशन गर्ने अवसर प्राप्त भएको छ। यसरीभन्दा म आफूलाई एकपाटो साहित्य र अर्को पाटो कलाअंकित सिक्का ठान्दछु।' - उनले भने- 'आमाको शिक्षाप्रतिको मोह र बुबाको दृढ इच्छाशक्ति नभएको भए अहिले टंक काफ्ले मात्रै हुने थिएँ। उनी भन्छन्- 'आमाबुबाकै कारण आज विकल्प बन्न सफल भएको छु।'

वि.सं.२०१८ साल श्रावण २९ गते आइतबार पाँचथरको साविक सुभाङको लाइम्बा (हाल हिलियाङ गापा) मा भएको हो। साहित्य र कलाको विद्यार्थी भएकै कारण कञ्चनजङ्गा एफएम बिर्तामोड र पाथीभरा एफएम दमकमा रेडियो नाटक सञ्चालन गर्ने अवसर पाएका विकल्पको रेडियो नाटक निकै चर्चामा रह्यो। रेडियो कै कारण धेरैले विकल्पलाई चिन्ने अवसर पनि पाए। रेडियो नाटकबारे विकल्प भन्छन्- 'सबैको नाम उल्लेख गर्न म अहिले असमर्थ छु, तर पनि दिगोरूपमा टिममै रहेर काम गर्ने साथीहरू कृष्ण अनमोल, निर्मला भण्डारी, लवकुश गौतम, मिना शिवाकोटी, मनिषा शिवाकोटी, दीपा भेट्वाल, विमला चिमरिया, प्रिया दास, राजु थापा, सुनिता सुब्बा, रुद्र प्रभात र केही समय भीमा शिवाकोटी र पिनाकी कोइरालाले पनि साथ दिएका थिए। तर, अझै थुप्रै साथीहरूको नाम सम्झन सकिन क्षमाप्रार्थी छु। रेडियो नाटकले मलाई रेडियोकर्मी मात्र बनाएन असंख्य श्रोताहरूसँग परिचित पनि गरायो।

त्यसका अतिरिक्त कार्यक्रममा उद्घोषक, उद्घोषण प्रशिक्षक र अभिनय प्रशिक्षक पनि भएर उनले काम गरिसकेका छन्। नेपाल रेडक्रस सोसाइटी झापा लगायत विभिन्न संघ-संस्थाले आयोजना गरेका उद्घोषण र अभिनय तालिमको सहजकर्ता रहेर काम गर्नेक्रम आज पनि जारी छ। साहित्य र कलाको विद्यार्थी हुँदाहुँदै पत्रकारिता प्रति पनि जिज्ञाशा जाग्यो। झापाका अग्रज पत्रकार नकुलकाजीले पत्रकारिताको कखरा बरुण साप्ताहिकबाट सिकाएको विकल्प स्मरण गदर्छन्। हाल पूर्वाञ्चल दैनिकको बुद्धशान्ति समाचारदाताको रुपमा कार्यरत रहेका छन्। कृषि पेशासँगै विकल्पले २०४४ देखि २०४७ सम्म सामुदायिक विद्यालयमा शिक्षण गरे, बीचमा सिनेमा कर्मतर्फ लागे भने २०५० सालदेखि १६ वर्षसम्म संस्थागत विद्यालय महानन्द शिक्षा सदनको शेयर तथा शिक्षक भई शिक्षण पेशामा नै आवद्ध भए। जीवनको अत्यन्त ऊर्जाशील समय शिक्षण सेवामा व्यतित गर्न पाएकोमा आनन्दानुभूति भएको भन्दै विकल्पले भने- 'आफूले शिक्षा दिएका भाइबहिनीहरूले आज विभिन्न क्षेत्रमा प्रगति गरेको देख्दा आफूले ठूलै गुरुदक्षिणा पाएको अनुभूति गर्दै गर्वले छाती फुल्छ।'

विकल्पले सम्झन्छन्- '२०६६ पछि जीवन एकपटक चौबाटोमा किंकर्तव्यविमूढ झैं उभिएर गन्तव्यको खोजीमा रहे झैं भयो। जीवन शून्यमा ओर्लिएर अंकगणितको अंक खोजे झैं भयो। जीवन न्युट्रलमा रह्यो र गन्तव्यतर्फ लम्कने गियरको प्रतिक्षामा रह्यो। एउटा मान्छेको जिन्दगी अगाडि बढ्न र सफलता प्राप्त गर्न अर्को मान्छेको हात, साथ र सहयोगको अहम् भूमिका हुन्छ।' माया, दया प्रेम, स्नेह र ममताको सागर, ज्ञानबुद्धि र प्रेरणाको मुहान आमाको आशीर्वाद शब्द र व्यवहार दुबैबाट आमाको देहान्त भएपछि विक्षिप्त भएको उनले बताए। धर्ममराएको बेला, लड्खडाएको बेला च्याप्प समाएर स्थिर गरिन् जीवन संगिनी तुलसाले। २०४७ सालमा लगन गाँठो कसेका टंक र तुलसाको जोडी अहिले पनि जोडी ढुकुर झैं रहेको छ।

उनी भन्छन्- 'मान्छे कहाँ एक्लै भएर बाँच्न सक्दो रहेछ र परिवारभन्दा पर समाज र संघ-संस्था बिना। मैले कल्पनै गर्न सकिन त्यस्तो। म चुम्बकीय वस्तु जस्तै भएँ समाजरुपी चुम्बकको अगाडि र तानिएँ समाजका विविध पाटामामा जोडिन पुगे। साहित्य चौतारी झापाकै अध्यक्ष भएको दुई कार्यकाल भएका विकल्प, बुद्धशान्ति साहित्यिक तथा सांस्कृतिक प्रतिष्ठानको सचिव, साहित्यकार तेराख प्रतिष्ठानको सदस्य, रामजानकी मन्दिर बुधबारेको उपाध्यक्ष, त्रिभुवन मावि होक्सेको सल्लाहकार लगायत दर्जनौ संघ-संस्थासम्म आवद्ध भएर सामाजिक कामलाई अघि बढाइरहेका छन्।'

भाषा, साहित्य, कला, धर्मसंस्कृति, शिक्षा र पत्रकारिता लगायतका क्षेत्रमा आफूलाई अब्बलरुपमा उभ्याउन सफल विकल्पको सेवाको मूल्याङ्कन गर्दै राष्ट्रिय विकास तथा सम्मान केन्द्र काठमाण्डौं, दमक क्याम्पस साहित्यिक मञ्च, झापा उद्योग वाणिज्य संघ शाखा बुधबारे, होक्से कृषि सहकारी संस्था, बुद्धशान्ति मिडिया प्रालि, लालीगुराँस युवा क्लव, दलित सशक्तिकरण समन्वय समिति, त्रिवेणी नाट्य समूह, लेखनाथ पुस्तकालय झापा, प्रतिभा यात्रा, महानन्द शिक्षा सदन, हातेमालो वचत तथा ऋण सहकारी, ज्येष्ठ नागरिक तथा अपाङ्ग भेटघाट चौतारी, काफ्ले समाज केन्द्रीय समिति, श्रीराम सङ्कीर्तन मण्डली लगायतका दर्जनौं संघ-संस्थाबाट सम्मानित भइसकेका छन्।

विशेषतः नाटक विधामा आब्बल रुपमा रहेका विकल्पले अब युवा पुस्तालाई सडक नाटक, रेडियो नाटक र स्टेज नाटकको बारेमा ज्ञान दिंदै विकल्पको विकल्प खोजी रहेको बताए। नाटकको तीनै क्षेत्रमा आफूलाई प्रस्तुत गर्न माहिर विकल्पले साहित्य क्षेत्रमा अतुलनीय योगदान गरेका छन्। सिने क्षेत्रमा पनि राम्रो अभिनय गर्न सफल विकल्पले झापाको विकलप भने कहिले पनि खोजेनन्। त्यसैले सम्भावना र क्षमताको पहिचान गर्दै आफूलाई निर्खान सकेमा जुनसुकै क्षेत्रमा बसेपनि महत्पूर्ण योगदान दिन सकिने उनको भनाई छ। विकल्पका एक छोरा र एक छोरी रहेका छन्।

**प्रस्तुतिः नरेन्द्र ढकाल**